
# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ६६ | काठमाडौं | बुधबार, १३ असार २०८० | Prabhab National Daily | Wednesday, June 28, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५/-


बजेटमा असन्तुष्टि

## दबाब परेपछि 'ब्याक' भए माधव-उपेन्द्र



- कांग्रेस सभापति देउवाको सिंगापुर टुरले सत्ता गठबन्धनका माओवादी, जसपा र एकीकृत समाजवादी त्रसित
- देउवा काठमाडौं उत्रनासाथ अर्थमन्त्री डा. प्रकाशशरण महतले बजेट संशोधनविना संसद् बैठकबाट पारित हुने दाबी
- नसच्चिएसम्म पारित गर्न नदिने निर्णयबाट माधव नेपाल र उपेन्द्र यादवको एकाएक 'यु-टर्न'

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** गत १५ जेठमा अर्थमन्त्री डा. प्रकाशशरण महतले आगामी वर्ष २०८०/८१ का लागि बजेट प्रस्तुत गरेपछि सबैभन्दा असन्तुष्ट बन्यो एकीकृत समाजवादी र जनता समाजवादी पार्टी । दुवै दलको अडान थियो यथास्थितिमा बजेट पारित हुन नदिने ।

'अहिलेको बजेट एकलौटी ढंगले गठबन्धनमा रहेका दलहरूसँग छलफल नै नगरी ल्याइएको छ । बजेटले पूरै मधेशलगायत धेरै क्षेत्रलाई उपेक्षा गरेको छ । त्यस कारणले यसलाई सच्याउनुपर्छ,' असार ७ गते पार्टीको मुख्यालयमा आयोजित सभामा जसपा अध्यक्ष उपेन्द्र यादवले भनेका थिए । बजेट सच्चिएरमात्र पारित हुने यादवको जोड थियो । 'नसच्याई बजेट पास हुन कठिन छ । त्यसकारण सच्याउनुपर्छ,' यादवले थप भनेका थिए ।

सोही दिन एकीकृत समाजवादी (एस)ले पनि यथास्थितिमा बजेट पारित हुन नदिने निर्णय गर्‍यो । सिंहदरबारस्थित पार्टीको संसदीय दलको कार्यालयमा एसले बजेटमा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले मनोमानी गरेको भन्दै असन्तुष्टि पोखेको थियो । यसअघि जेठ २८ मै संसद् भवनबाहिर एसका अध्यक्ष माधवकुमार नेपालले (**बाँकी पृष्ठ २ मा**)

# भ्रष्टाचारविरुद्ध सरकारको अपरेसन

- झण्डै अढाइ वर्षदेखि थन्क्याइएको बहुचर्चित ललिता निवास काण्डको फाइल खोलियो
- मीनबहादुर गुरुङ, पूर्वसहसचिव सुधीरकुमार शाहसहित चार जना हिरासतमा, तीन जना रिहा

■ **जेबी योञ्जन**

**काठमाडौं-** सरकारले एकपछि अर्को ठूलाठूला भ्रष्टाचार काण्डका फाइलहरू खोलेको छ । सरकारमै बसेर राजनीतिक नेतृत्व र कर्मचारीसँगै व्यापारिक घरानाहरूको मिलेमतोमा भएका भ्रष्टाचार काण्डका फाइलहरू धमाधम खोलेको हो ।

सरकारले नेपाल प्रहरी मातहतको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मार्फत मंगलबार खोलेको भनेको झण्डै अढाइ वर्षदेखि थन्क्याइएको बहुचर्चित ललिता निवास काण्डको फाइल हो । यो काण्डको अनुसन्धान प्रतिवेदन सिआइबीले पहिले नै तयार गरेको थियो । फाइललाई अघि भने बढाइएको थिएन ।

तर, भ्रष्टाचारविरुद्ध खरो रूपमा उत्रिने र आफ्नो तेस्रोपटकको प्रधानमन्त्रित्वकाल इतिहासमा सम्झनालायक बनाउने भनेका दाहालले प्रधानमन्त्री भएको छ महिनामा सिआइबिमार्फत अघि बढाएका हुन् । सिआइबीले मंगलबार नै यस काण्डमा मुछिएकाहरूलाई पक्राउ गर्न 'अप्रेसन' चलाएको छ ।

सोही क्रममा भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, पूर्वसहसचिवद्वय सुधीरकुमार शाह (पूर्वनिर्वाचन आयुक्त) र कलाधर देउजा पक्राउ परे ।

डिल्लीबजार मालपोत कार्यालयका तत्कालीन अन्य कर्मचारीहरू सुरेन्द्रमान कपाली, हुपेन्द्रमणि केसी, गोपाल कार्की र धर्मप्रसाद गौतम पनि पक्राउ परे । तर, पक्राउ पर्ने डरले त्यसविरुद्ध पहिले नै अदालतबाट अन्तरिम आदेश लिएर बसेको पाइएपछि देउजा, केसी र कपाली केही घण्टामै छुटे । बाँकी चार जना भने सिआइबीको हिरासतमा






भ्रष्टाचारको मुद्दा हाम्रो क्षेत्राधिकारभित्र पर्दैन । हामीले त कीर्तेसहितका मुद्दामा अनुसन्धान गर्ने हो र त्यहीअनुसार मुद्दा चलाउने हो ।

■ **सञ्जयसिंह थापा**
प्रवक्ता, सिआइबी

रहेको सिआइबी प्रवक्ता सञ्जयसिंह थापाले बताए ।

'बयान लिँदा उपस्थित गराउने गरी हामीले तीन जनालाई छाड्यौं । बाँकी चार जना हिरासतमै छन्,' प्रभावसँग थापाले भने ।

सिआइबीले यसअघि सरकारी लिखतसम्बन्धी कसुरमा विभिन्न पूर्वउच्चपदस्थ अधिकारीहरूसहित ३०० जनाभन्दा बढीलाई मुद्दा चलाउन सिफारिस गर्दै अनुसन्धान प्रतिवेदन तयार गरेको थियो । तर, जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले सिआइबीको अनुसन्धान पर्याप्त नभएको निक्र्योल गरेको थियो । त्यस आधारमा प्रतिवेदनमा औंल्याइएका व्यक्तिहरूलाई मुद्दा चलाउन नसकिने भन्दै वकिल कार्यालयले फिर्ता गरेको थियो ।

यसलाई लिएर कतिपयले भने जग्गा हिनामिना काण्डमा जोडिएका व्यक्तिहरूलाई जोगाउन वकिल कार्यालय नै अघि सरेको अर्थमा बुझेका थिए । जबकि, सिआइबीले भने त्यसबेला पनि झण्डै ९० वर्षदेखिका सरकारी दस्तावेज अध्ययन गरेको र त्यसका आधारमा प्रमाणहरू संकलन गरी प्रतिवेदन तयार पारेको दाबी गरेको थियो ।

तर, करिब दुई वर्षपछि बल्ल मुद्दा चलाउने गरी सिआइबी अघि बढेको हो । सिआइबी प्रवक्ता थापाले सरकारी जग्गा व्यक्तिको नाममा पारेर हिनामिनामा जोडिएकाहरूविरुद्ध कीर्ते मुद्दा अघि बढाइने बताए । उनी भन्छन्, 'भ्रष्टाचारको मुद्दा हाम्रो क्षेत्राधिकारभित्र पर्दैन । हामीले त कीर्तेसहितका मुद्दामा अनुसन्धान गर्ने हो र त्यहीअनुसार मुद्दा चलाउने हो ।'

सिआइबीका अनुसार मंगलबार पक्राउ परेकाहरूविरुद्ध पहिले अनुसन्धान गरेपछि मात्रै थप आरोपीहरूबारे अनुसन्धान थालिनेछ ।

सरकारले जग्गा हिनामिनाको छानबिन गर्न पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा समिति गठन गरेको थियो । समितिले राजनीतिक नेतृत्वदेखि कर्मचारीसँगै व्यवसायीहरूले संगठित रूपमा ललिता निवासको जग्गा व्यक्तिको नाममा पास गरेको निष्कर्ष निकालेको थियो ।


ललिता निवास भने कांग्रेस नेता सुवर्ण शम्शेरको दरबार हो । जुन सरकारले २०२१ पछि अधिग्रहण गरेको हो ।

सोही सरकारी जग्गा विभिन्न मितिमा नीतिगत निर्णय गर्दै राजनीतिक नेतृत्व, कर्मचारी र भूमाफियाहरूले हात पारेको हो । त्यस क्रममा नक्कली मोही खडा गरेको, गलत लिखत तयार गरेको, सट्टाभर्ना दिनेजस्ता कार्य गरेको अनुसन्धानबाट खुलिसकेको छ । अनुसन्धानले ललिता निवासको १४३ रोपनीभन्दा बढी जग्गा हिनामिना भएको देखाएको छ ।

सरकारको प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले ललिता निवासको जग्गा काण्डमा थालेको (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## इपिएसमार्फत ११ महिनामा साढे १९ हजार नेपाली पुगे कोरिया




स्रोतः वैदेशिक रोजगार विभाग

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** रोजगारीका लागि चालु आर्थिक वर्षको ११ महिनामा साढे १९ हजार नेपाली युवा दक्षिण कोरिया पुगेका छन् । रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत भाषा परीक्षा पास गरी १९ हजार ४१० जना युवा रोजगारीका लागि कोरिया पुगेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ ।

कोरियाका रोजगारदाताले पछिल्लो चार महिनामा मासिक दुई हजारभन्दा बढीको दरले रोस्टरमा रहेका कामदारको छनोट गरेका छन् । गत फागुनमा दुई हजार २०० नेपाली युवाको माग आएकोमा जेठमा झण्डै तीन हजार पुगेको छ । जबकि, चालु आवको सुरुआती महिना (साउन)मा ३२ जनाले मात्रै कोरिया जान पाएका थिए । कोरोना महामारीपछि तंग्रिएको कोरियाको श्रमबजारमा श्रमिकको अभाव देखिन थालेपछि रोजगारदाताले नेपाली श्रमिकको माग बढाएको बताइन्छ ।

विभागको तथ्यांकअनुसार इपिएसमार्फत साउन महिनामा ३२ जना कोरिया पुगे । भदौ महिनामा यो संख्या बढेर एक हजार ७१५ पुग्यो । असोजमा एक हजार ९१८, कात्तिक एक हजार ६०७, मंसिरमा एक हजार २७, पुसमा एक हजार २२९, माघमा एक हजार ७९७ जनाले कोरिया जान भिसा पाए । त्यस्तै फागुनमा दुई हजार २२७, चैतमा दुई हजार ३२३, वैशाखमा दुई हजार ५७४ र जेठमा दुई हजार ९६४ जना रोजगारीका लागि कोरिया पुगेका छन् ।

चालु आर्थिक वर्षको ११ महिना अवधिमा साढे १९ हजार नेपाली रोजगारीको लागि कोरिया गएको वैदेशिक रोजगार विभागअर्न्तगत इपिएस शाखाका निर्देशक पुष्पराज कटुवालले जानकारी दिए । उनका अनुसार कोरिया जानेमा १४ हजार नयाँ र करिब छ हजार पुरानो अर्थात् इपिएस परीक्षा पास गरेको कमिटेड कामदारले कोरिया जाने अवसर पाएका छन् । कोरियाले यस वर्ष इपिएस प्रणाली लागू गरेका नेपालसहित विभिन्न १६ मुलुकबाट एक लाख १० विदेशी कामदार लैजाने कोटा निर्धारण गरेको छ । जसअर्न्तगत जुन मुलुकले छिटो कामदार उपलब्ध गराउन सक्छ उही मुलुकबाट धेरै कामदार लिने कोरियाको नीति रहेको निर्देशक कटुवालले बताए । सोही नीतिअनुरूप रोस्टरमा रहेका अधिकांश नेपालीहरू रोजागारीका लागि कोरिया पुग्न सफल भएको उनले बताए ।

'फास्ट सर्भिस, फर्स्ट प्रायोरिटी'को नीतिअनुरूप कोरियाले कामदार लैजाने भएपछि आगामी दिनमा नेपालबाट कोरिया जाने नेपालीहरूको संख्या उल्लेख्य बढ्ने कटुवालले बताए । 'सरकारले इपिएस परीक्षा प्रणालीमा ल्याएको सुधार र कामदार पठाउने प्रक्रिया पारदर्शी एवं छिटोछरितो गरेका कारण अन्य मुलुकको तुलनामा नेपालबाट धेरै कामदार कोरिया जान सफल भएका छन्,' निर्देशक कटुवालले भने ।

कोरियाले ठूलो संख्यामा नेपालबाट कामदार लैजाने संकेत देखाएका कारण आगामी वर्ष कोरिया जानेको संख्या अझै बढ्ने र सोहीअनुरूप भाषा परीक्षा तय हुने इपिएस शाखाले जनाएको छ । यद्यपि, अहिले रोस्टरमा पाँच हजारको हाराहारीमा रहेका कामदारहरू कोरिया जाने प्रतीक्षामा छन् । यसरी रोस्टरमा रहेकाहरूमा नयाँभन्दा पनि कोरियाबाट फर्केर पुनः इपिएस परीक्षा पास गरेकाहरू भएको बताइएको छ ।

झण्डै चार हजार जति 'कोरिया रिटर्नी' (कोरियाबाट फर्किएका)हरू रोस्टरमा रहेको र उनीहरू रोजगारदाताको छनोटमा नपरेको निर्देशक कटुवालले बताए । रोस्टरमा परेर पनि छनोटमा नपरेका रिटर्नीहरूले छिटो कोरिया पठाउनुपर्ने माग राख्दै भर्खरै आन्दोलनसमेत गरेका छन् । रिटर्नीहरूको आन्दोलनकै कारण शाखाको नियमित कार्यतालिकामा फेरबदल भएको बताइएको छ ।

जसका कारण कोरियाले पछिल्लो समय नेपालबाट पानीजहाज बनाउने (सिप बिल्डिङ)मा कामदारको माग गरे पनि परीक्षा सञ्चालन मिति पर सारिएको छ । हाल यस क्षेत्रका लागि रोस्टरमा रहेका ८९२ कामदारलाई लैजान सम्झौता भएको भन्दै उनीहरूलाई पठाउने प्रक्रिया अगाडि बढाइएको इपिएस शाखाले जनाएको छ । सिप बिल्डिङमा कोरियाले तीन हजार नेपालीलाई रोजगारी दिने प्रतिबद्धता जनाउँदै यसका लागि यथाशक्य परीक्षा सञ्चालन गर्न नेपाललाई आग्रह गरेको छ ।




## कक्षा ११ र १२ को शुल्क निर्धारण गर्दै कामपा

# निजी विद्यालयसँग मागियो शुल्कको विवरण




**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले महानगरभित्रका निजी विद्यालयहरूले कक्षा ११ मा विद्यार्थीसँग लिने शुल्कमा कडाइ गर्ने भएको छ। महानगरले कक्षा ११ र १२ का लागि शुल्क निर्धारण गर्ने तयारी गरेको हो। त्यसकै लागि महानगरले आगामी शैक्षिक सत्र २०८०/८१ मा कक्षा ११ मा भर्ना गरिने विद्यार्थीहरूसँग लिइने शुल्कको विवरण पेस गर्न सबै निजी विद्यालयहरूलाई निर्देशन दिएको छ।

कामपाले सूचना जारी गर्दै सबै निजी विद्यालयहरूलाई यही असार मसान्तसम्म कुन-कुन शीर्षकमा कति शुल्क लिने हो उक्त विवरण पेस गर्न भनेको हो। कामपाको शिक्षा ऐन २०७५ को दफा २७ (९) बमोजिमको विद्यालय व्यवस्थापन समितिको निर्णयसहितको विवरण उपलब्ध गराउन पत्रमार्फत आग्रह गरिएको थियो।

हाल कामपामा ५२० वटा निजी विद्यालयहरू सञ्चालित छन्। ती सबै विद्यालयलाई कामपाले यही असार मसान्तभित्र विवरण पेस गर्न निर्देशनसहित पत्राचार गरिसकेको कामपा शिक्षा विभाग प्रमुख सीताराम कोइरालाले जानकारी दिए।

शिक्षा अधिकारी कोइरालाका अनुसार निजी विद्यालयहरूले मनपरी शुल्क लिएको गुनासो आए पनि कामपाले आफ्नो अधिकारको प्रयोग गरेको हो। उनले भने, 'कामपाको शिक्षा ऐनमा भएको व्यवस्थाअनुसार सबै विद्यालय सञ्चालन हुनुपर्छ। हामीले सोहीअनुसार लान लागिएको हो। ऐनले दिएको अधिकार प्रयोग गरेर पहिलोपटक माध्यमिक तह कक्षा ११ र १२ को शुल्क निर्धारण गर्न लागेको हो।'

नियमानुसार प्रत्येक वर्ष विद्यालयहरूले आफ्नो शुल्क विवरण महानगरमा पेस गर्नुपर्ने भए पनि धेरै विद्यालयहरूले पेस नगरेपछि यस किसिमको अभ्यास गर्न लागिएको हो। कामपाले तोकेको समयसीमा शुल्क विवरण उपलब्ध नगराउने विद्यालयलाई अनुगमन गरी नियमानुसार कारबाही गरिने पनि प्रमुख कोइरालाको भनाइ छ। विद्यालय व्यवस्थापन समितिले निर्णय गरेर महानगरमा पेस हुने शुल्क नै अन्तिम शुल्क हुने पनि कामपाको भनाइ छ।

कामपाको निर्देशनकै आधारमा निजी विद्यालयले गत हप्ता १३ हजार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराएको थियो। नियमानुसार प्रत्येक विद्यालयले जम्मा विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउनुपर्ने हुन्छ। कामपा शिक्षा विभाग प्रमुख कोइरालाले चालु शैक्षिक सत्रको गत जेठ २८ गतेभित्र १० प्रतिशत छात्रवृत्ति उपलब्ध गराएको विवरण पेस नगरे त्यस्ता विद्यालयको सम्बन्धन खारेज गर्ने र विद्यालयमा ताला लगाउने चेतावनी दिएपछि धमाधम छात्रवृत्ति उपलब्ध गराइएको हो।

कामपा विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ को नियम ५८ र ५९ एवं कामपाको शिक्षा ऐन, २०७५ को दफा ५० को व्यवस्थाअनुरूप छात्रवृत्ति वितरणको विवरण पेस गर्नुपर्ने हुन्छ।

## दबाब परेपछि ...

पृष्ठ १ बाट जारी

बजेटमा असन्तुष्टि पोख्दै नसच्चिए सत्ता नै दुर्घटनातिर जाने चेतावनी दिएका थिए। 'बजेटप्रति साथीहरू सबै असन्तुष्ट नै हुनुहुन्छ। अझै आक्रोशित हुनुहुन्छ, के हुन्छ भन्न सकिँदैन,' प्रतिनिधिसभाको बैठकपछि नेपालले भनेका थिए, 'रिस मरेको छैन र यही पाराले जाने हो भने दुर्घटनातिर जान्छ कि भन्ने डर पनि लाग्छ।'

को दुर्घटनामा पर्छ ? प्रश्न सुन्नसाथ नेपालले भनेका थिए, 'सरकार।' अध्यक्ष नेपाललाई नै एसको बैठकले बजेटबारे निर्णय गर्ने अख्तियारी दियो। तर, सोमबारमात्र अर्थमन्त्री डा. महतले हाँक दिए- बजेट संशोधनविना संसद् बैठकबाट पारित हुन्छ। संसद् भवन परिसरमा पत्रकारसँग संक्षेपमा कुरा महतले उक्त भनाइ राखेपछि सत्ता गठबन्धनको नोकझोक बाहिर आएन। बजेटमाथि आक्रोशित सुनिएको जसपा अध्यक्ष यादव र एसका अध्यक्ष नेपाल अहिले चुपचाप छन्। बजेटप्रतिको उनीहरूको बिलौना पनि सामसुम भएको देखिन्छ।

### कांग्रेससँग एमाले नजिकिँदा त्रसित

आज बुधबार अर्थमन्त्री डा. महतले बजेट पारित गर्ने प्रस्ताव प्रतिनिधिसभामा पेस गर्दै छन्। बजेट पारित गर्न नेपाली कांग्रेस र माओवादी केन्द्रले आफ्ना सांसदहरूलाई ह्विप नै जारी गरिसकेको छ। एस र जसपाले पनि निर्णयार्थ पेस हुने बजेटको पक्षमा मतदान गर्ने तयारी गरेका छन्, चुपचाप। सम्भावतः आज प्रतिनिधिसभाको बैठकअघि नै दुई दलले बजेटको पक्षमा निर्णय गर्नेछ। आफ्नो निर्णयबाट दुई पार्टी किन 'ब्याक' भए त ?

नेपाली कांग्रेसका सभापति देउवा केही दिनअघि सिंगापुर पुगेका थिए। नाम उपचारको भए पनि देउवा त्यहाँ जानुको कारण सत्ताको हेरफेरका लागि भएको बताइन्छ। विभिन्न मुद्दामा नेकपा एमालेसँग तालमेल गरी सत्ता परिवर्तन गर्ने तयारीका साथ देउवा त्यसतर्फ लागेको बताइएको थियो। देउवा शुक्रबार नै काठमाडौं फर्किए गुपचुप। उनी फर्केको केही दिनपछि आइतबार बालुवाटारमा प्रधानमन्त्री पुष्पकमल दाहाल र नेपाल छलफलमा बसे। छलफललगत्तै रौतहट पुगेर निर्णयबाट ब्याक भएको संकेत गरे नेपालले।

'अब मिलेर जानुबाहेक विकल्प छैन, सत्ता गठबन्धन मिलेर जानुपर्छ भन्ने हामी सबैको उद्देश्य पनि हो। फुटेको खण्डमा देश र जनतामाथि घात हुन्छ,' नेपालले भने। देउवा काठमाडौं उत्रेकै दिन नेपाल निवास कोटेश्वर पुगे अर्थमन्त्री डा. महतले बजेटमा सहयोग गर्न आग्रह गरेका थिए। माओवादी, एस र जसपा समाजवादी मोर्चाका दल हुन्। देउवाको सिंगापुर बसाई लम्बिएपछि तीनै दलले कांग्रेससँग एमाले नजिकिएको आशंका गरे। र, बजेटमा अहिले निहुँ नखोज्ने गरी नेपाल र यादव 'युटर्न' भएको बताइएको छ।

पछिल्लो समय संघीयता खारेजी, हिन्दूराष्ट्रको घोषणा, निर्वाचन प्रणालीमा हेरफेर गर्ने गरी दुई ठूला दललाई मिलाउने कसरतमा अन्तर्राष्ट्रिय शक्ति लागेको थियो। संविधान संशोधनका लागि बहुमत आवश्यक भएकाले दुई ठूला दल मिलाउनुको विकल्प थिएन। यस्तै संकेत कांग्रेस महामन्त्री गगन थापाले गर्दै आएको थिए। महामन्त्री थापाले सरकार बन्ने भत्कने प्रक्रिया चलिरहने मात्र भनेनन् समानुपातिक निर्वाचन प्रणालीकोसमेत विरोध गर्दै आएका थिए। यही संकेतपछि प्रधानमन्त्री दाहालले नेपाल र यादवलाई बालुवाटार बोलाएर सम्झाएका थिए। एमालेले कांग्रेसलाई सत्ता गठबन्धनको प्रस्ताव गरे पनि देउवा हच्केका कारण यो रणनीति सफल नभएको बताइएको छ।

### जिल्ला निर्वाचन कार्यालय खारेज नहुने

सरकार जिल्ला निर्वाचन कार्यालय खारेज गर्ने निर्णयबाट पछि हटेको छ। सत्तारुढ दलकै चर्को विरोधपछि अर्थमन्त्री डा. महतले जिल्ला निर्वाचन कार्यालय खारेज नहुने बताएका हुन्। प्रतिनिधिसभाको मंगलबारको पहिलो बैठकमा प्रतिपक्षी दलका सांसदहरूले पनि चर्को दबाब दिँदै प्रश्न उठाएपछि महतले नागरिकले निष्पक्ष र भयरहित वातावरणमा स्वतन्त्रतापूर्वक निर्वाचनमा भाग लिन पाउने मान्यताप्रति सरकार विचलित नहुने बताए।

'हामीले निर्वाचन आयोगको स्वतन्त्रतालाई कत्ति पनि तलमाथि पार्न दिँदैनौं। यो हाम्रो विश्वास हो,' अर्थमन्त्री महतले भने, 'जिल्ला निर्वाचन कार्यालयहरू अझ स्वतन्त्र र प्रभावकारी बनाउन पहल गरिनेछ, खारेज हुने छैन।'

# बालेनलाई स्पष्टीकरण लिने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश

**काठमाडौं (प्रस)–** उच्च अदालत पाटनले काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) साहसँग स्पष्टीकरण माग गर्ने नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ।

मंगलबार न्यायाधीशहरू गोकर्ण डाँगी र जगदीश घिमिरेको इजलासले प्रमुख साहसँग स्पष्टीकरण माग गर्ने नागरिक उड्डयन प्राधिकरणको जेठ ३२ गतेको निर्णय र असार १ गतेको पत्र कार्यान्वयन नगर्नू/नगराउनू यथास्थितिमा राख्नू भनी अन्तरिम आदेश दिइएको उच्च अदालत पाटनका प्रवक्ता तथा उपरजिस्ट्रार मन्दिरा शाहीले बताइन्।

उनले भनिन्, 'प्रमुख साहलाई नागरिक उड्डयन प्राधिकरणको स्पष्टीकरण माग गर्ने निर्णयलाई यसअघि कार्यान्वयन नगर्नू/नगराउनू यथास्थितिमा राख्नू भनी जारी भएको अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिएको हो।'

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलनजिकै नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्माणाधीन भवन नक्सा पासविना निर्माण भइरहेको भन्दै काठमाडौं महानगरपालिकाको नगर प्रहरीले त्यहाँको फेन्सिङ तारलगायतका सामग्री नियन्त्रणमा लिएको थियो। प्राधिकरणले विमानस्थल क्षेत्रमा अनधिकृत प्रवेश गरेको भन्दै प्रमुख साहसँग स्पष्टीकरण माग गरेको थियो। प्राधिकरणको उक्त निर्णयविरुद्ध प्रमुख साहले उच्च अदालत पाटनमा निवेदन दिएका थिए।

यसअघि यही असार ७ गते उक्त मुद्दामा न्यायाधीश धीरबहादुर चन्दको एकल इजलासले नागरिक उड्डयन प्राधिकरणको पत्र कार्यान्वयनका लागि अल्पकालीन अन्तरिम आदेश दिँदै आजका लागि छलफलमा बोलाएको थियो।

# जसपाको विधान अधिवेशन सम्पन्न

**काठमाडौं (प्रस)–** जनता समाजवादी पार्टी (जसपा) नेपालको तीन दिनदेखि काठमाडौंमा जारी विधान अधिवेशन मंगलबार सम्पन्न भएको छ। यही असार १० गतेदेखि नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा उक्त विधान अधिवेशन जारी रहेको थियो।

विधान अधिवेशनबाट विधान प्रमाणीकरणका लागि पार्टी अध्यक्ष उपेन्द्र यादव, राजेन्द्र श्रेष्ठ, रकम चेम्जोङ, लालबाबु राउत, सुशीला श्रेष्ठ र दीपेन्द्र झा रहेको विधान प्रमाणीकरण समिति बनाइएको सो पार्टीका केन्द्रीय प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए।

उनका अनुसार विधान अधिवेशनमा उठेका विषय र समूहले निकालेका निष्कर्षका विषयलाई समावेश गरी विधानलाई अन्तिम रूप दिइनेछ। प्रमाणीकरण समितिले विधान प्रमाणीकरण गरेसँगै उक्त विधान लागू हुने जनाइएको छ।

विधान अधिवेशनमा पार्टीको झण्डा फेर्नुपर्ने, ७० वर्षको उमेर हद राख्न नहुनेजस्ता विषय उठेको केन्द्रीय प्रचार विभाग प्रमुख बस्नेतले बताए।

यसैगरी जसपाले पहिचानमा आधारित राष्ट्रिय समितिलाई सांगठनिक संरचना मानेर जाने भएको छ। प्रदेश समितिको मातहतमा राष्ट्रिय समिति रहने गरी विधानमा व्यवस्था गरिने भएको छ। विधान अधिवेशनमा पार्टी अध्यक्ष एवं मस्यौदा तयारी समितिका संयोजक उपेन्द्र यादवले विधानको मस्यौदा सोमबार प्रस्तुत गरेका थिए।

उनले प्रस्तुत गरेको उक्त मस्यौदामाथि १० वटा समूहमा विभाजन गरेर भएको छलफल सकिएसँगै मंगलबार प्रत्येक समूहबाट एक-एक जना टोली नेताले आ-आफ्नो समूहमा छलफल गरी निकालिएको निष्कर्ष समूहका तर्फबाट प्रस्तुत गरेका थिए।

अधिवेशनलाई समापन गर्दै अध्यक्ष यादवले पहिचानको मुद्दालाई यो विधानले बोक्ने भएकाले राष्ट्रिय समितिलाई अझै शक्तिशाली बनाउने धारणा राखे। पहिचानको लडाइँ अझै बाँकी रहेकाले जसपाले त्यसको नेतृत्व गर्ने र त्यसका लागि राष्ट्रिय समिति र प्रदेश समितिलाई अझ सशक्त बनाएर अगाडि बढ्ने उनको धारणा छ।

# करोडौं ठगी गर्ने धर्मगुरु पक्राउ

**काठमाडौं (प्रस)–** नारी शक्तिको जागरण गराउने भन्दै पीडितबाट करिब पाँच करोड रूपैयाँ र १०० तोलाभन्दा बढी सुन एवं सुनका गरगहना ठगी गरेको अभियोगमा दोलखा घर भई भक्तपुर मध्यपुर थिमी नगरपालिका-४ गट्ठाघर बस्ने ४८ वर्षीय शिवसुत गौरी भक्त भन्ने पुरुषोत्तम काफ्लेलाई प्रहरीले पक्राउ गरेको छ। उजुरीका आधारमा केन्द्रीय अनुसन्धान ब्युरो महाराजगञ्जबाट खटिएको प्रहरीले उनलाई कञ्चनपुर गड्डाचौकीबाट पक्राउ गरी काठमाडौं ल्याएको प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले बताए। काफ्लेसमेतले काठमाडौंस्थित हाम्रो अभियान नेपाल र ओम आश्रम नेपाल नामक संस्था खोली पीडितलाई रकम लगानी गर्न अभिप्रेरित गराउने, सेमिनार गरी संस्थाको सदस्य बनाउने, धेरै मुनाफाको प्रलोभन देखाउने गरेको पाइएको छ।


## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८०/०२/३१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम वर्ल्ड कफी एक्सचेन्ज (प्रा.लि. नं. २३९४७४) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम " मम किङ प्रा. लि." कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएकोछ।

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

1. Documentation Officer -2(F/M)
2. Public Relation Office (PRO) -4(F/M)

नोटः +2 pass, Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ।

तलबः आपसी समझदारीमा

सम्पर्क नम्बरः 9845991037, 9802006340

TARGET Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977-015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०३/०६ गते त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल,पार्किङ स्थलबाट राती १२ बजे कालो/रातो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला।

धनीको नाम : अनु पौडेली
बाइक नं.: बा प्र. ०२-४२ प ०२८८
च्यासिस नं.: MD2ALLCX2NPC19165
इन्जिन नं. : DHXRNC12926
मो.नं.: ९८४३०७८९७३

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NAJMUL SHAAFI TRADING AND CONTRACTING

पुर्व स्वीकृति मिति २०८०/०३/१२ | LT. No. :288204 | चलानी नं. ६०२०३९३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 3 | 0 | 1000 | ३५८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | general manager of comp/es tab/organiza | 0 | 1 | 6300 | २२५५४५ | | | | | | | |
| 3 | LABOUR | 3 | 0 | 1000 | ३५८०० | | | | | | | |
| 4 | Public Relation Director | 3 | 0 | 6300 | २२५५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २० गते (5th July. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Dream & Guide System Pvt. Ltd.
श्रम इजाजत न. ६७१/०६३/०६४
P.O.Box:- 144,Sundar Marg, Basundhara-3, Kathmandu, Nepal,
Tel: - +977-01-5905860, 5905859, Email: - dreamguidesystem@gmail.com/ info@dreamandguide.com, Web:- www.dreamandguide.com


## भ्रष्टाचारविरुद्ध...

पृष्ठ १ बाट जारी

अनुसन्धानलाई सुशासन कायम गर्दै भ्रष्टाचारका विरूद्धमा लड्ने सरकारको प्रतिबद्धतासँग जोडेर हेर्नुपर्ने बताइन्। उनले सरकारले प्रतिबद्धताअनुसार काम अघि बढाएको र कसैप्रति लक्षित नभएको दाबी पनि गरिन्।

'जसको विरूद्धमा प्रमाण पुग्छ। जसलाई अनुसन्धानले प्रमाण पुग्ने देख्छ। उनीहरूमा आकर्षित हुने हो। कोहीप्रति लक्षित भने होइन', शर्माले संसद् बैठकबाट बाहिरिने क्रममा भनिन्।

### राजनीति स्वाहा

नेपाली कांग्रेसका तत्कालीन बहालवाला उपसभापति विजयकुमार गच्छदारको राजनीतिक भविष्य सकिएको ललिता निवासकै काण्डले नै हो। २०७६ फागुनमा उनीविरुद्ध अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको थियो। त्यसपछि फरार भएका गच्छदार २०७८ असार ३० गते १० लाख धरौटी बुझाएर रिहा भएका थिए। त्यसपछि कांग्रेसको १४ औं महाधिवेशनमा उपसभापति लडेका उनी जित्न सकेनन्। यतिमात्र हैन गत संसदीय निर्वाचनमा उनको अपराजित यात्रा टुंगियो। उनी भ्रष्टाचार मुद्दा खेपिरहेका छन्।

तर, तत्कालीन भूमिसुधारमन्त्रीहरू चन्द्रदेव जोशी र डम्बर श्रेष्ठको पनि यही काण्डमा मुछिएर अन्ततः राजनीति टुंगियो। भौतिक योजना र भूमिसुधार मन्त्रालयका तत्कालीन सचिवहरू दीपकुमार बस्न्यात, छविराज पन्त र दिनेशहरि अधिकारीविरुद्ध पनि भ्रष्टाचार मुद्दा अदालतमा छ। अहिले मुद्दा विचाराधीन अवस्थामा छ।

त्यसबेला अख्तियारले उनीहरूसहित १७५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो। तर, अख्तियारले आफ्नो नाममा जग्गा पास नै गराएका पूर्वअर्थमन्त्री विष्णु पौडेल र उनका छोरालाई राजनीतिक शक्ति केन्द्रको दबाबपछि मुद्दा चलाएको थिएन।

किनभने, त्यसबेला पौडेलका छोराले पाँच आना जग्गा आफ्नो नाममा पास भइसकेको सरकारी जग्गा सरकारकै नाममा फिर्ता गरे। यस आधारमा अख्तियारले उनीविरुद्ध मुद्दा मुद्दा चलाएन।

### माधव, बाबुराम र विष्णु तानिएलान् ?

ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पास गराउन मन्त्रिपरिषद् बैठकबाट नीतिगत निर्णय गर्ने तत्कालीन प्रधानमन्त्रीहरू माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई हुन्। छानबिन समिति संयोजक शारदाप्रसाद त्रितालले नेपाल र भट्टराईले पटकपटक मन्त्रिपरिषद् बैठकबाट ललिता निवासको जग्गाबारे निर्णय गरेको छानबिनका क्रममा पाइएको बताउँदै आएका छन्।

तर, अख्तियारले नीतिगत निर्णय भएको भन्दै भ्रष्टाचार मुद्दा दायर गर्न अस्वीकार गऱ्यो। एमाले उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री विष्णु पौडेल र उनका छोराविरुद्ध पनि मुद्दा दायर भएन। जनस्तरबाट भने यस काण्डमा नाम मुछिएका दुवै पूर्वप्रधानमन्त्री र पूर्वअर्थमन्त्री पौडेलसँगै उनका छोरालाई उन्मुक्ति दिन नहुने दबाब सरकारमाथि छ।


वागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय रामेछाप**
रामेछाप डाँडा, रामेछाप

**बोलपत्र/सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८०/०३/१३

यस डिभिजन वन कार्यालय रामेछापको तपसिल बमोजिमका ठेक्का कार्य संचालनार्थ e-Gp मार्फत वोलपत्र आव्हानको सूचना मिति २०७९/१२/०७ गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएकोमा नियमानुसार पेस भएका बोलपत्रहरुमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम यस कार्यालयको मिति २०८०/०३/१२ गतेको निर्णय अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.नं | कामको विवरण | ठेक्का नं. | बोलपत्र/सिलबन्दी दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र PS बाहेक) |
|---|---|---|---|---|
| १ | Construction of Dhobi Subdivision Forest Office Building at Dhobi, Ramechhap | MoFE/DFORAM/NCB/WORKS/2079-80/01 | SHABKAR-LUMINAS JV, Manthali | 1,76,59,435.6 |
| २ | Construction of Tame Subdivision Forest Office Building at Thosey, Ramechhap | MoFE/DFORAM/NCB/WORKS/2079-80/02 | PAMPHA/A.K JOINT VENTURE Hetauda-4, | 1,85,82,677.4 |

## सुदूरपश्चिममा लागुऔषध दुर्व्यसनी

# ११ महिनामा ७५४ जना पक्राउ

**महेन्द्रनगर–** सुदूरपश्चिम प्रदेशमा पछिल्लो समय लागुऔषधको अवैध कारोबार, सेवन र दुर्व्यसनको अवस्था डरलाग्दोरूपमा बढेको पाइएको छ । सोमबार मुलुकभर लागुऔषध दुरूपयोग तथा अवैध ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइरहँदा सुदूरपश्चिममा खासगरी कैलाली र कञ्चनपुर ब्राउन सुगर (खैरो हेरोइन)को अवैध कारोबार र दुर्व्यसनकर्ताको अखडा बन्दै गएको प्रहरी तथ्यांकले देखाएको छ ।

चालु आर्थिक वर्षको ११ महिना (जेठ मसान्त)मा सुदूरपश्चिममा प्रहरीले लागुऔषधसम्बन्धी मुद्दामा ७५४ जनालाई पक्राउ गरेको छ । जसमा १७ जना भारतीय नागरिक रहेको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी कैलालीले जनाएको छ ।

आर्थिक वर्ष २०७६/७७ मा सुदूरपश्चिम प्रदेशमा लागुऔषध मुद्दामा २७० जना पक्राउ पर्नुका साथै सोसम्बन्धी १७१ मुद्दा दर्ता भएका थिए । पछिल्लो समय समाजको तल्लो तहसम्म लागुऔषध खैरो हेरोइन, चरेशलगायतको कारोबार र सेवनकर्ता बढ्दै गएको देखिएको छ ।

तीन वर्षअघिको तुलनामा सुदूरपश्चिममा लागुऔषध मुद्दामा पक्राउ संख्या र मुद्दाको संख्या हेर्दा ठूलो संख्याले बढेको पाइएको छ । कैलाली र कञ्चनपुरमा भार तसँगको खुला सीमानाका कारण ब्राउन सगुरको आयात र अवैध कारोबार बढ्दै गएको प्रहरीको भनाइ छ ।

गत साउनदेखि जेठसम्म सुदूरपश्चिमका नौवटै जिल्लाबाट प्रहरीले एक किलो २८८ ग्राम ८९२ मिलिग्राम बाउनसुगर बरामद गर्नुका साथै ४८ किलो ८०६ ग्राम चरेश र १०४ किलोग्रामभन्दा बढी चरेश बरामद गरेको छ ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्यामसिंह चौधरीले सुदूरपश्चिममा प्रहरीले लागुऔषध न्यूनीकरण र अवैध ओसारपसार नियन्त्रणका लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रमदेखि कारवाहीको दायरामा ल्याउनेसम्मको काममा सक्रिय रहेको बताए । 'भारतसँगको खुला सिमाना, नेपाल-भारतमा लागुऔषध कारोबारको सञ्जालका कारणले यो समाजमा फैलिँदै गयो,' प्रहरी उपरीक्षक चौधरीले भने, 'पहाडी जिल्लाबाटसमेत सोझै भारतमा सम्पर्क गरेर लागुऔषध भित्र्याउने गरेको पनि पाइयो ।'

उनले प्रदेश प्रहरीको अगुवाइ र धनगढी उपमहानगरपालिकाको सहकार्यमा फूलबारीमा सुधार केन्द्र निर्माणको प्रक्रिया चलिरहेको जानकारी दिए । 'हरेक दिन लागुऔषधसहित तीनदेखि पाँच जना पक्राउ परेकै छन्,' उनले भने, 'जनचेतना, कानुनी कारबाही र सुधार केन्द्र गरी प्रहरीले तीनवटा कोणबाट यसको नियन्त्रणका लागि प्रयासरत छ ।'

प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष २०७७/७८ मा यहाँ लागुऔषध मुद्दामा ३९४ जना पक्राउ पर्नुका साथै २५३ वटा मुद्दा दर्ता भएका थिए आव २०७८/७९ मा यहाँ ३५३ लागुऔषधसम्बन्धी मुद्दा दर्ता भए भने ५६३ जना पक्राउ परेका छन् ।

गत आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशमा एक किलो ५६ ग्राम ब्राउन सुगर, ११२ किलोग्राम चरेस र एक किलो ५०० ग्राम गाँजा प्रहरीले नियन्त्रणमा लिएको थियो । यहाँस्थित रिकभरिङ नेपालका केन्द्रीय सदस्य एवं राष्ट्रिय समाज कल्याण संघमा लागुऔषधको क्षेत्रमा लामो समयदेखि कार्यरत नवराज पाण्डेयले सुदूरपश्चिममा मात्रै लागुऔषध दुरूपयोगकर्ताको संख्या तीन हजारभन्दा बढी रहेको बताए ।

'ब्राउन सुगरको अवैध व्यापार यहाँका गाउँबस्तीसम्म पुगिसक्दा युवापुस्ता नराम्ररी प्रभावित छ,' पाण्डेयले भने, 'लागुऔषध नियन्त्रणका लागि राज्यबाट नीति योजना बने तर ठोसरूपमा कार्यान्वयनको जोड दिइएन ।' उनले लागुऔषधकै कारण सामाजिक अपराध बढ्नुका साथै मानसिक रोगीको संख्या वृद्धि भइरहेको बताए ।

'लागुऔषधको ओभरडोजकै कारण ज्यान गुमाएका धेरै उदाहरण सुदूरमा छन्,' उनले भने, 'यतिसम्म कि कारागारमा रहेको छोरालाई ब्राउन सुगर दिन जाँदा आमा पक्राउ परेको घटना यहाँ देखिए ।' उनले सामान्यरूपमै लागुऔषध पाउन थालेका कारण यसको दुरूपयोगकर्ता सुदूरपश्चिममा बढिरहेकोप्रति सबैको चिन्ता र चासो हुनु नपर्नेमा जोड दिए । *रासस*

# भरतपुरको नीति तथा कार्यक्रम र बजेट पारित

**चितवन (प्रस)–** भरतपुर महानगरपालिकाको १३औं नगरसभाले मंगलबार आगामी वर्षका लागि नीति तथा कार्यक्रम एवं बजेट सर्वसम्मत पारित गरेको छ ।

महानगरपालिकाले आव २०८०/८१ का लागि अनुमानित आय व्ययसहितको छ अर्ब ३१ करोड ७९ लाख ९० हजार रूपैयाँको बजेट पास गरेको हो । नगरसभाले भरतपुर महानगरपालिका न्यायिक समितिको प्रतिवेदन, लेखा समितिको प्रतिवेदन र संगठन तथा व्यवस्थापन सर्वेक्षण, राजस्व र व्ययको अनुमान (बजेट) आर्थिक विधेयक २०८० र विनियोजन विधेयक २०८० पारित गरेको हो ।

यस्तै नगरसभाले गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको दायित्व फरफारक गर्न सरकारबाट प्राप्त ससर्त अनुदान धुर्मुस सुन्तली फाउण्डेसनलाई अनुदानका रूपमा भुक्तानी गर्ने सर्वसम्मतले पारित गरेको छ ।

नगरसभा समापन कार्यक्रममा प्रमुख रेनु दाहालले सबै नगरवासीको एकताले समृद्ध नगर निर्माण गर्न सहयोग पुग्ने बताइन् । महानगरको विकासका लागि सबैले आ-आफ्नो ठाउँबाट सकारात्मक र रचानात्मक प्रतिस्पर्धा हुन आवश्यक रहेको उनको भनाइ थियो । नीति तथा कार्यक्रम पूर्णरूपमा कार्यान्वयन हुनेमा विश्वस्त रहेको प्रमुख दाहालले बताइन् ।

असार १० गते महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले आन्तरिक आयआर्जनसँगै अन्तरसरकारी वित्तीय हस्तान्तरण, केन्द्र तथा प्रदेश सरकारको राजस्व बाँडफाँट तथा विविध कोष तथा आयबाट स्रोत व्यवस्थापन गर्ने गरी महानगरको आवको बजेट विनियोजन गरेका थिए ।

यसको व्यवस्थापन संघ तथा बागमती प्रदेश सरकारको राजस्व बाँडफाँटबाट ५४ करोड ८० लाख १५ हजार रूपैयाँ, जनसहभाागिताबाट ५० करोड रूपैयाँ, बैंक मौज्दातबाट एक अर्ब ६५ करोड तथा सडक बोर्ड नेपालबाट तीन करोड रूपैयाँ प्राप्त हुने अधिकारीले प्रक्षेपण गरेका छन् ।

अन्तरसरकारी अख्तियारी शीर्षकमा महानगरपालिकाले एक अर्ब १० करोड रूपैयाँ अनुमानित आय हुने अनुमान गरेको छ । महानगरपालिकाले निर्माण सम्पन्न हुन नसकेका र भुक्तानी बाँकी रहेका तथा क्रमागत योजनाका लागि एक अर्ब ६५ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । महानगरका २९ वटा वडालाई सम्बन्धित वडाबाट नै कार्यान्वयन हुने कार्यक्रमका लागि हरेक वडालाई दुई करोड ७५ लाख रूपैयाँका दरले ७९ करोड ७५ लाख रूपैयाँ विनियोजन गरिएको छ ।

सभामा १५ जना सदस्यले महानगरपालिकाको विकास निर्माण, जनताको माग र चाहनाका साथै कार्यसम्पादनमा भए गरेका समस्याका बारेमा आ-आफ्नो धारणा राख्नुका साथै प्रस्तावित नीति, कार्यक्रम र विधेयकमाथि आफ्नो सुझाव राखेका थिए ।

सो अवसरमा महानगरपालिका प्रमुख दाहाल, उपप्रमुख अधिकारी, प्रमुख प्रशासकीय अधिकृत नरेन्द्रकुमार रानाले विषयगत क्षेत्रबाट आएका जिज्ञासाको जवाफ दिएका थिए ।

## श्री मसानी जनकल्याण सा.व.उ.स. वडिकेदार गा.पा. १, कोला, डोटीको काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०३/१३**

जिल्ला डोटी वडिकेदार गा.पा. वडा नं. १, कोलामा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०७९/०८० मा संकलन भएर उत्पादन भई वडिकेदार गा.पा. १, मल्लोगडामा घाटगद्दी गरी राखिएको लट नं. **१** को **खोटे सल्ला** गोलिया थान **६९** को **१२७०.९९** क्यु.फिट काठ र लट नं. **२** को **साल** गोलिया थान **६१** को **३४२.६२** क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHOP FOO CHOW

पुर्व स्वीकृति मिति : २०७९/१२/१९ | पुर्व स्वीकृति मिति : २०८०/०३/१२ | LT. No.283870 | चलानी नं. ६०१९९२८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Crew | 10 | 0 | 1500 | ४१९३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २० गते ९छतज ब्गिथि। द्दण्द्दघ0 मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TAWI CONSTRUCTION AND BUILDING COMPANY LTD.

पूर्व स्वीकृति मिति २०७९/१०/११ | पूर्व स्वीकृति मिति २०७८/०७/११ | LT. No.279980 | चलानी नं. ६०१९५५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2 | Road Maintenance Worker | 3 | 0 | 1200 | ४१९९९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले  सेवा शुल्कः १०,०००

कम्पनी : AL-TAWI FOR BUILDING AND CONSTRUCTION CO.LTD

पूर्व स्वीकृति मिति २०७८/०७/११ | पूर्व स्वीकृति मिति २०७८/०७/११ | LT. No. 285092 | चलानी नं. ६०१९५५८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 28 | 0 | 1800 | ६१९९९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Road maintenance worker | 3 | 0 | 1200 | ६१९९९ | | | | | | | |
| 3 | truck driver public | 2 | 0 | 1800 | ६१९९९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले  सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : APPETITE RESTAURANT & CAFE COMPANY

पुर्व स्वीकृति मिति २०८०/०३/१२ | LT No : 288630 | चलानी नं. ६०२०३९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN HELPER | 2 | 0 | 120 | ५१०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QARRI NAIL SPA SALON

पुर्व स्वीकृति मिति २०८०/०३/१२ | LT No : 288629 | चलानी नं. ६०२००७३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure / Pedicure / Hairdresser / Beautician / N | 0 | 6 | 150 | ६३८४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ADVANCED TECHNOLOGY COMPANY KSC

पुर्व स्वीकृति मिति २०७८/०७/११ | पुन स्वीकृति मिति २०८०/०३/१२ | LT No : 249487 | चलानी नं. ६०२०३९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dental Nurses | 0 | 42 | 280 | ११९१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | DENTAL TECHNICIAN | 0 | 20 | 280 | ११९१७१ | | | | | | | |
| 3 | DENTAL X RAY | 0 | 7 | 280 | ११९१७१ | | | | | | | |
| 4 | HYGIENIST | 0 | 62 | 300 | १२७६८३ | | | | | | | |
| 5 | Nurse | 208 | 390 | 350 | १४८९६४ | | | | | | | |

कम्पनी : NAYEF AL DABBOUS SONS GROUP GEN TRAD & CONT CO

पुर्व स्वीकृति मिति २०८०/०३/१२ | LT No : 288628 | चलानी नं. ६०२०३९२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A/C Techinician | 20 | 0 | 150 | ६३८४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले  सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com



## यूएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी: LAVAJET COMPANY ALAIN

पुर्व स्वीकृति मिति २०८०/०३/०४ | LT. No. 288674 | चलानी नं. ६०२०३३४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEANER | 50 | 0 | 1000 | ३५७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)** Lic No. 1159/074/074
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०३/१२ | LT. No. 288633 | चलानी नं. ६०२०३९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 6 | 0 | 4000 | १२३२०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९६६६२ | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ८९५०२ | | | | | | | |
| 4 | GENERAL CLEAN WORKER | 17 | 10 | 1000 | ३५८०० | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३५८०० | | | | | | | |
| 6 | MANAGER VARIETY | 1 | 0 | 6000 | २१४८०४ | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | १०७४०२ | | | | | | | |
| 8 | SUPERVISIOR | 8 | 2 | 2500 | ८९५०२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD** श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com


## बैजनाथ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

रामपुर , बाँके
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

**सुचना प्रकाशित मिति २०८०/०३/१३ गते**

यस कार्यालयको मिति मिति २०८०/०२।०२ गतेका दिन प्रभाव दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम बैजनाथ गाउँपालिकाका आ.व. ०७९।८० मा सार्वजनिक खरिद कार्य गर्नको लागि प्रकाशित सुचना अनुसार उल्लेखित मिति भित्र दर्ता हुन आएका बोलपत्रहरुको मुल्यांकन हुँदा तपसिल बमोजिमका बोलपत्र दाताहरुको बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिमको प्रयोजनार्थ जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का न | स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|
| BRM/BANKE/TB/G/NCB/01/079–80 Fabrication of steel parts and transportation up to road heads Dondra Nala N type bridge Banke | जुनकिरि इन्डस्ट्रिज प्रा.लि. बुटवल उपमहानगरपालिका १०, औधोगिक क्षेत्र रुपन्देही | ३५,७४,९९०।- ( अक्षेरुपी पैंतीस लाख चौहत्तर हजार नौ सय नब्बे रुपैया मात्र) | |

– प्रमुख प्रशासकिय अधिकृत
गाउँकार्यपालिकाको कार्यालय

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **S.K Energy Traders** कम्पनीले **CHINA** बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पति मुलुक/राष्ट्र | ईकाई | इकाई प्रति मुल्य | अधिकतम खुद्रा इकाई मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | SK-38 | N/A | CHINA | PCS | 11,000.00 | 11,000.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | SK-48 | N/A | CHINA | PCS | 10,100.00 | 10,100.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | SK-188 | N/A | CHINA | PCS | 14,200.00 | 14,200.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | SK-168 | N/A | CHINA | PCS | 6,700.00 | 6,700.00 | |
| 5 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | SK-148 | N/A | CHINA | PCS | 7,500.00 | 7,500.00 | |

बिक्रेता फर्मको नाम : S.K Energy Traders  स्थायी लेखा नं. : 302252282
ठेगाना : Ramhiti, Boudha-6, Kathmandu, Nepal  फोन नं. : 9851040703

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नरोकियोस् भ्रष्टाचारीविरुद्ध खुलेको फायर

पछिल्ला दिनहरूमा प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले एकपछि अर्को गर्दै भ्रष्टाचारका फाइल पल्टाएको छ। धुलो टक्टकाउँदै फाइल खोल्नेमात्र हैन भ्रष्टाचारीविरुद्ध दाहाल सरकारले फायरसमेत खोलेको छ। नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै प्रलोभन देखाएर ठगी गरेको प्रकरणमा उच्च तहका व्यक्तिहरू पुर्पक्षका लागि थुनामा पुऱ्याएको केही दिनमै अर्को प्रकरणको फाइल खुलेको हो । पछिल्लो प्रकरण हो– ललितानिवास काण्डको । झन्डै अढाइ वर्षअघि थन्किएको फाइल पल्टाउँदा यसअघि दुई करोड धरौटीमा छुटेका भाटभाटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ फेरि पक्राउ परेका छन् ।

उनीमात्र नभई मंगलबार मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख कलाधर देउजा, शाखा अधिकृत धर्मप्रसाद गौतम, सुरेन्द्रमान कपाली, हुपेन्द्रमणि केसी र अवकाश प्राप्त खरिदार गोपाल कार्की पनि पक्राउ परे । पक्राउ पर्ने डरले त्यसविरुद्ध पहिले नै अदालतबाट अन्तरिम आदेश लिएर बसेको पाइएपछि देउजा, केसी र कपाली केही घण्टामै छुटेका छन्। बाँकी चार जना राष्ट्रिय अनुसन्धान ब्युरो (सिआइबी)को हिरासतमा छन् ।

भाटभटेनीका सञ्चालक गुरुङको नाममा २९ रोपनी जग्गा कनक शमशेरको नामबाट नामसारी भएर आएको भेटिएको छ । बालुवाटारस्थित उक्त जग्गामा गुरुङले सुपरमार्केटको स्टोर राखेका छन्। ललितानिवास भने कांग्रेस नेता सुवर्ण शमशेरको दरबार हो । जुन सरकारले २०२१ पछि अधिग्रहण गरेको थियो। भू–माफियासँगको मिलेमतोमा उनीहरूले झूठा मोही खडा गरेको अनुसन्धानबाट खुलेको छ । सरकारले अधिग्रहण गरिसकेको १४७ रोपनी जग्गा माफियासँग मिलेर आरोपितहरूले कनक शमशेरको नाममा ल्याएर नामसारी गराएका हुन् । २०४३ सालमा कनक शमशेरको मृत्यु भएको थियो ।

सरकारले जग्गा हिनामिनाको छानबिन गर्न पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा समिति गठन गरेको थियो । समितिले राजनीतिक नेतृत्वदेखि कर्मचारीसँगै व्यवसायीहरूले संगठितरूपमा ललितानिवासको जग्गा व्यक्तिको नाममा पास गरेको निष्कर्ष निकालेको थियो ।

यो प्रकरणमा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, अर्का पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, एमाले उपाध्यक्ष विष्णु पौडेल, पूर्वमुख्यसचिव लिलामणि पौडेलको नाम पनि मुछिएको छ। उनीहरूमाथि पनि अनुसन्धान अघि बढाए सरकारले अझ वाहवाही पाउने देखिन्छ । पछिल्ला दिनमा भ्रष्टाचारविरुद्ध सरकारले छेडेको यो कारबाहीले सरकारप्रति जनताको आशा बढेको छ । कुनै प्रकरण अधकल्चो छाड्दा पक्कै पनि स्वाद लाग्दैन, त्यसैले सरकारले साना माछामात्र हैन ठूला माछामाथि पनि अनुसन्धान र कारबाही अगाडि बढाइयोस् ।

# चुरे संरक्षणको खाँचो



▶▶ डा. विजयकुमार सिंह

हाल सञ्चालनमा रहेको क्रसर व्यवसायीको जथाभावी गिट्टी, ढुंगा, बालुवाको उत्खनन गरिरहेका छन् । अहिले पालिकाहरूले ढुंगा, गिट्टी, बालुवा निकाल्नलाई ठेक्का त दिन्छन् तर अनुगमन गर्दैनन् । ठेकेदार र क्रसर उद्योगीहरूले मापदण्डको पालना नगरी जथाभावी उत्खनन गर्दा वातावरणीय समस्या उत्पन्न भएको छ । केही पैसाको लोभमा गिट्टी, ढुंगा, बालुवा देशबाहिर निकासी दिने हो भने निकै जटिल अवस्था आउने निश्चित छ । चुरे, मध्यपहाड र हिमालबाट निस्कने खोलाहरु तराईमा आउँदा पैसाको लोभमा बालुवा, गिट्टीको अव्यवस्थित व्यापक दोहन गर्ने गरिएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्)को २०७१ असार २ को निर्णयानुसार चुरे क्षेत्र भूभौगर्भिक रूपमा कमजोर, धेरै पानी पर्ने र जलाधारको महत्त्वपूर्ण क्षेत्र, भूकम्पीय कारणबाट अति जोखिमयुक्त, जैविक विविधतामा धनी रहेको, दुर्लभ वन्यजन्तुहरूको वासस्थान, जैविक मार्गका रूपमा चुरे क्षेत्रलाई लिने गरिन्छ । नेपालको कूल भूभागको करिब १२.७८ प्रतिशत क्षेत्र ओगटेको तत्कालीन ३६ जिल्लाका (हाल नवलपरासी जिल्लालाई दुई भागमा बाँडेपछि ३७ जिल्ला) मा ५० लाख माानिसको बसोबास रहेको छ । चुरे क्षेत्र, यसको जलाधार क्षेत्र र नदी प्रणालीलाई संवेदनशील एवं जोखिमपूर्ण भौगोलिक क्षेत्र घोषणा गर्दै वातावरण ऐन २०५३ को दफा १० को उपदफा (१) बमोजिम वातावरण क्षेत्र घोषणा गरिएको छ ।

पूर्व-पश्चिम लोकमार्ग, मदन भण्डारी लोकमार्ग र उतर-दक्षिण पहुँच मार्गहरू बनेदेखि खोरिया फँडानी गरी चुरेमा बसोबास गर्ने क्रम पनि बढ्दो छ । चुरे क्षेत्रमा लालपुर्जा नभएको र खेतीपाती गरी जग्गा उपभोग गर्नेको गाउँ बस्ती तथा घरधुरीको सूची लामो रहेको विभिन्न अध्ययनहरूले देखाएको छ । चुरेको वन जंगल मासेर खेतीपाती गर्ने, खुल्ला चरिचरन गर्ने गराउने, काठ र दाउराको व्यापक कटानी, वन डढेलो, बालुवा तथा गिट्टी उत्खनन् आदि कामले गर्दा चुरेको पारिस्थितिकीय प्रणालीमा व्यापक क्षति पुगेको छ । वर्षाको समयमा चुरे क्षेत्रबाट गिट्टी, बालुवा बाढीले बगाएर तराईको उब्जाऊ जग्गामा थुपारेर भूमि मरुभूमिका रूपमा परिणत हुँदै छ । चुरेबाट बग्ने नदीका बाढीले नदी किनारको जग्गा कटान गरेर नदीको चौडाइ पनि बढ्दो छ । तराईको तल्लो भागमा बाढीले डुबानको समस्या ल्याएको छ ।

कपिलवस्तुमा रहेको देशकै सबैभन्दा ठूलो २२५ हेक्टरमा फैलिएको मानव निर्मित अन्तर्राष्ट्रिय रामसार सन्धिमा समावेश भएको जगदीशपुर तालको पानीको स्रोत वाणगंगा नदीको चुरे क्षेत्रमा फैलिएको जलाधार क्षेत्र नै हो । यस्तै अन्तर्राष्ट्रिय रामसार सन्धिमा समावेश भएको चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने तीन हजार २०० हेक्टरको बीस हजारी ताल र कैलालीको दुई हजार ५६३ हेक्टरमा फैलिएको घोडाघोडी ताल त झन् चुरे क्षेत्रमा नै अवस्थित छ । दाङको घोराहीमा रहेको ५.५ विघा (३.७ हेक्टर) मा फैलिएको जखिरा ताल, मोरङको लेटाङमा रहेको १५ हेक्टरमा फैलिएको राजारानी तालको पानीको स्रोत पनि चुरे नै हो । चितवनका १७ वटा तालहरू, दाङको जखिरालगायत नौवटा ताल, कञ्चनपुरको वेदकोट ताल र झिमिला ताल, सुर्खेतको जजुरा ताल, सिरहा बाबा तालगायत चुरे क्षेत्रमा करिब ३५ भन्दा बढी ठूला तालतलैयाको पानीको स्रोत चुरे पहाड हो ।

यी तालतलैयाहरू सिँचाइ, खानेपानीका स्रोत, जलचर तथा विभिन्न जीवजन्तु र पशुपक्षीको बासस्थान पनि हुन् । यसबाहेक भावर र तराईमा रहेका सर्लाहीको नारही मैन ताल, बाराको हलखोरिया दह, बाँकेको खस्रे ताल, बर्दियाको तारा ताल, धनुषाको जंगल दह, कैलालीको पुरैना र जोखर तालगायत १२० भन्दा बढी तालको पानीको स्रोत चुरे पहाड नै हो । यी ताल तलैयाहरू स्वदेशी र पाहुना चराहरूको महत्त्वपूर्ण वासस्थान हुनाका साथै लाखौं हेक्टर जमिन सिञ्चित भएको छ । यी तालहरूले भावर र तराईको जमिनमुनिको पानी रिचार्ज गर्न पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । एकपटक माटो, ढुंगा, गिट्टी, बालुवा उत्खनन गरेपछि त्यसले पारिस्थितिकीय प्रणालीमा दीर्घकालीन असर गर्दछ ।

नेपालका चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्र रहेका बाघ, गैँडा, हात्ती, गोहीलगायत अन्य वन्यजन्तुको खानेपानीको स्रोत खोल्साखोल्सीहरू तथा प्राकृतिक वा मानव निर्मित तालतलैयाहरूको पानीको स्रोत भनेकै चुरे हो । चितवन राष्ट्रिय निकुञ्जभित्र तथा मध्यवर्ती क्षेत्रभित्र पर्ने बीसहजारी ताल, देवी ताल, नन्दन तालगायत १० वटा ताल, पर्सा राष्ट्रिय निकुञ्जभित्र मानव निर्मित रमौल प्रतापपुर ताल, बर्दिया राष्ट्रिय निकुञ्जभित्र पनि १९ वटा सानाठूला तालको पानी चुरे क्षेत्रबाट नै आउँछ । चुरेभित्र पर्ने बाँके राष्ट्रिय निकुञ्जभित्र १५ वटा खोल्साखोल्सी र मानव निर्मित आठवटा तालतलैयाको स्रोत पनि चुरे क्षेत्र नै हो । चुरे क्षेत्र नेपालको जैविक विविधताको धनी क्षेत्र हो । बाघ, गैँडा, हात्तीलगायत महत्त्वपूर्ण वन्यजन्तुको बासस्थान यसै चुरे र भावर क्षेत्रमा पर्दछन् ।

यसबाहेक चुरे क्षेत्रमा वा चुरेसँग जोडिएका १३६ वटा पालिकामा बसोबास गर्ने मानिसको पानीको एकमात्र स्रोत चुरे पहाडमात्र हो । हेटौंडाको माछा केन्द्रमा रहेको माछापोखरीहरूको पानीको स्रोत चुरे नै हो । हेटौंडा उपमहानगरपालिकाको ठाडो खोलामा ५० भन्दा पनि साना पोखरी निर्माण गरी व्यावसायिक रूपमा माछा उत्पादन गरी त्यहाँ महिला समूहले उदाहरणीय कार्य गरेका छन् । सिँचाइ आयोजनाहरू धनुषा र सिरहामा कमला, चितवनको खगेरी, मकवानपुर र चितवनमा पूर्वी राप्ती सिँचाइ, रौतहटमा लालवकिया सिँचाइ, बर्दियाको रिहु खोला सिँचाइ, बाँकेमा झिगरिया नाला सिँचाइलगायतका थुप्रै साना र मध्यम खालका आयोजनाहरूको पानीको जलाधार क्षेत्र चुरे नै हो ।

चुरे क्षेत्रमा रहेका गाईघाट, सिन्धुली बजार, हेटौंडा, चितवनको पर्सा, दाङ, देउखुरी, लम्ही, सुर्खेतजस्ता मुख्य सहर तथा अन्य साना ठूला सहरका वासिन्दाको खानेपानीका मुख्य स्रोत चुरे पहाड नै हो । चुरे पहाडको घाँच अर्थात् भावर क्षेत्रमा पूर्व-पश्चिम राजमार्गमा पर्ने काँकडभिट्टा, दमक, बिर्तामोड, उर्लावारी, झुम्का, धरान, इटहरी, कल्यानपुर, मिरचैया, लहान, गोलबजार, ढल्केबजार, बर्दिवास, लालबन्दी, हरिऔन, चन्द्रपुर, निजगढ, पथलैया, अमलेखगञ्ज, गैँडाकोट, कावासोती, दुम्कीवास, सुनवल, वुटवल, कोहलपुर, अत्तरियाजस्ता सहरमा पानीको आपूर्ति चुरे पहाडबाट नै हुने गर्दछ ।

चुरे पहाड चुरे तथा तराईमा बसोबास गर्ने नेपालको जनसंख्याको ६१ प्रतिशत जनताको लागि जीवनरेखा हो । नेपालको झापादेखि कञ्चनपुरसम्म चुरे तथा तराई क्षेत्रमा बसोबास गर्ने जनताको खानेपानी र सिँचाइका लागि पानीको एकमात्र स्रोत र जलाधार क्षेत्र चुरे पहाड हो । चुरेको कमलो खुकुलो भूवनावटले वर्षायाममा वनजंगलको रूखबिरुवाको सहायताले यसले आफ्नो गर्भमा वर्षाको पानी सोसेर यसले जमिनमुनिको पानी रिचार्ज गर्दछ । कतिपयले चुरे पहाड ढुंगा, गिट्टी, माटोले बनेको तथा वनजंगलले ढाकेको निर्जीव क्षेत्र लाग्दछ तर चुरे र तराईमा बासोबास गर्ने बासिन्दाका लागि चुरे आमा हो । यस वर्षको वैशाख र जेठमा ४२ डिग्री तापक्रम हुँदा जनकपुर, जलेश्वरलगायत चुरे, भावर र तराईमा चापाकलको पानी सुकेको समाचार विभिन्न मिडियाहरूमा सम्प्रेषण भएका छन् ।

हाल सञ्चालनमा रहेको क्रसर व्यवसायीको जथाभावी गिट्टी, ढुंगा, बालुवाको उत्खनन गरिरहेका छन् । अहिले पालिकाहरूले ढुंगा, गिट्टी, बालुवा निकाल्नलाई ठेक्का त दिन्छन् तर अनुगमन गर्दैनन् । ठेकेदार र क्रसर उद्योगीहरूले मापदण्डको पालना नगरी जथाभावी उत्खनन गर्दा वातावरणीय समस्या उत्पन्न भएको छ । केही पैसाको लोभमा गिट्टी, ढुंगा, बालुवा देशबाहिर निकासी दिने हो भने निकै जटिल अवस्था आउने निश्चित छ । चुरे, मध्यपहाड र हिमालबाट निस्कने खोलाहरू तराईमा आउँदा पैसाको लोभमा बालुवा, गिट्टीको अव्यवस्थित व्यापक दोहन गर्ने गरिएको छ । खोलामा ३० फिटभन्दा पनि गहिरो खाडल खनेर बालुवा, गिट्टीको उत्खनन गरिएको छ । यसले हजारौं वर्षदेखि बगिरहेको जमिनमुनिको पानीको बहावलाई खल्बल्याइदिएको छ । यसबाट भावर र तराई क्षेत्रमा इनार र चापाकलमा खानेपानीको समस्या ल्याएको छ ।

केही क्रसर उद्योगी र व्यापारीको मात्र हित हुनेगरी ६१ प्रतिशत जनताको अहित हुने यति महत्त्वपूर्ण पानीको जलाधार क्षेत्र चुरेलाई दोहन हुने गरी गिट्टी ढुंगा, बालुवा देशबाहिर निकासी गर्न पटक-पटक प्रयासहरू भइरहेका छन् । आव २०७८/८९ को बजेट वक्तव्यमार्फत तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले पनि गिट्टी ढुंगा, बालुवा देशबाहिर निकासी गर्न ल्याएको प्रस्तावलाई वर्तमान सत्ता साझेदार दलका नेताहरूले नै गिट्टी ढुंगा, बालुवा देशबाहिर निकासी गर्नु घर डढाएर खरानी बेच्नुसरह हुने भन्दै विरोध जनाएका थिए । आज उनीहरूकै नेतृत्वको सरकारले आव २०८०/८१ सालको नीति कार्यक्रमको बुँदा नं ४२ र बजेट वक्तव्यको बुँदा नं १५७ मा उल्लेख गरिएको छ । यसमा सर्वोच्च अदालतले गिट्टी, ढुंगा, बालुवा निकासी अन्तरपुस्ताको सम्पत्ति भएकाले संसद्बाट ऐन बनाएर मात्र निकासी गर्ने भन्ने आदेश छ । भुटान र अस्ट्रेलियाले गिट्टी ढुंगा निकासी गरेको तर्क नेपालको सन्दर्भमा मेल खाँदैन । पाकिस्तानका इन्दुस नदीदेखि भारतको ब्रह्मपुत्र नदीसम्मको शिवालिक भनिने पहाडमा ढुंगा उत्खनन त के पात त टिप्नसमेत दिइँदैन ।

चुरेबाट बगेर आएको ढुंगा, गिट्टी, बालुवालाई हामीले आफ्नो देशको विकास निर्माणको काममा लगाउन सकिन्छ । वातावरणीय ऐन नियम, मापदण्डको पालना गरेर ढुंगा, गिट्टी, बालुवा निकाल्दा पालिकाहरूका लागि यो आम्दानीको स्रोत पनि हो । यहाँको ढुंगा, गिट्टी, बालुवा बाहिर निकासी गर्नुको विकल्पका रूपमा चुरे क्षेत्रमा सघनरूपमा बाँस, अम्रिसो, बेल, हर्रो, बर्रो, अमला, तेजपात तथा अन्य जडीबुटीको, व्यावसायिक खेती, वन्यजन्तु तथा चराचुरुंगीको पालन गरी स्थानीयवासीलाई रोजगार सिर्जना गर्न सकिन्छ । चुरे क्षेत्रमा वर्षाको पानी जम्मा गरी प्रशस्त तालतलैया बनाई माछापालन, सिँचाइ, पर्यापर्यटनको माध्यमबाट आम्दानीको स्रोत बढाउन सकिने सम्भावना छ । चुरे संरक्षण ऐन बनाएर चुरे संरक्षणको संस्थागत व्यवस्था गर्नु अहिलेको मुख्य आवश्यकता हो । *रासस*

*(लेखक चुरे विज्ञ हुन्)*

## मननयोग्य

### चाणक्य नीति

बिहानको सूर्य एउटा नयाँ हलचल लिएर उदाए राजा पर्वतकको मृत्युको समाचार महलसहित चारैतिर फैलियो। चाणक्य र चन्द्रगुप्त पनि पर्वतकका महलतिर लागे । पर्वतकको शरीर नीलो काँचजस्तो भएको देखे । मुखबाट फिज निस्की विच्छ्यौनामा जमेको थियो । ती सुन्दरी डरले काम्दै एउटा कुनामा खडा थिइन् ।

चाणक्यले चन्द्रगुप्तपट्टि हेर्दै भने- 'देख्नुभो राजन्। यो विषकन्या थिई । यो राक्षसको डरलाग्दो षड्यन्त्र थियो । तर, उसलाई यो थाहा थिएन चाणक्यलाई झुक्याउन यति सरल छैन। मैले आँखाको नानी हेरी थाहा पाएँ । यी विषकन्या हुन् । यो सबै भेद त्यही सोमदेवबाट थाहा भयो । ऊ वास्तवमा राक्षसको विश्वासी गुप्तचर थियो। हिजै सोमदत्त बन्दी भइसक्यो । यी सुन्दरीलाई पनि देशनिकाला गर्नोस् किन कि यी सुन्दरी अरू कसैको मृत्युको कारण नबनून् ।

"सुन्नोस् । पर्वतक राजाको मृत्यु अफसोच भयो होला वास्तवमा तिनी हाम्रा मित्र थिएनन् राक्षसको गुप्तयोजना मलाई थाहा भयो यसैले अहिले राक्षसका तीरबाट राक्षसको पराजय भयो ।"

यति भन्दै चाणक्य आफ्ना निवासतर्फ लागे। चन्द्रगुप्त सोच्न थाले बी रहस्यमय मानिसका विषयमा जसलाई चन्द्रगुप्तले त्रिकालज्ञ हुन् भन्ने सोचे ।

चन्द्रगुप्तको राज्याभिषेक भयो

चाणक्य अझै शान्त थिएनन्, चन्द्रगुप्तलाई भावी योजनाबारे परिचित गराउदै थिए । आकान्ता सिकन्दर त फर्केर फेरि आएन तर उसको सेनापति सेल्युकस फेरि आफ्ना सेना बटुलेर भारततिर आउदैछु भन्ने सूचनाले चाणक्य विचलित भइरहेका थिए । यही समयमा महामात्य शंकटारको देहावसानले अशान्त पारिरहेथ्यो ।

चाणक्यका आदेशानुसार सैन्यशक्ति र गुप्तचर अझै धेरै बलियो बनाउनमा चन्द्रगुप्त व्यस्त थिए ।

उता राक्षसलाई आफ्नो प्रत्येक योजना विफल भएको देखेर आफ्नो सबभन्दा ठूलो शत्रु चाणक्य नजानिने पहेलीजस्तो लाग्थ्यो, उनले सोच्न सकेका थिएनन्। उनका प्रत्येक यन्त्रको आभास चाणक्यलाई पहिले कसरी थाहा हुन्छ ? उनी त्यो मौकाको प्रतीक्षामा थिए जब चन्द्रगुप्त र चाणक्य दुवैलाई समाप्त गर्ने षड्यन्त्र रचना गर्न सकून्। क्रमशः

## पत्र–मञ्जुषा

# मुलुक जोगाउने तीन उपाय

नेपालले विदेशीलाई तिर्नुपर्ने ऋण बढेको बढ्यै छ । विदेशीसँग लिएको ऋण झण्डै २२ खर्ब पुगिसकेको छ। अहिले एक जना नेपाली नागरिकको थाप्लोमा ९० हजार रूपैयाँ विदेशी ऋणको भारी छ । विदेशीसँग लिएको ऋण तिर्न नसक्ने अवस्थामा सरकार पुगिसकेको छ। ऋण लिएको लिएकै गर्ने र नतिर्ने हो भने नेपाल कालोसूचीमा पर्न बेर लाग्दैन । मुलुकको अस्तित्व पनि नरहन सक्छ । अब मुलुक जोगाउने तीन वटा उपायमात्र बाँकी छ। पहिलो: विदेशीसँग ऋण लिएर सरकारी खर्च धान्ने काम तत्काल बन्द गरौं । दोस्रो: विदेशी ऋण मिनाहाका लागि पहल गरौं ।

तेस्रो: सबैतिरबाट कर उठाऔं । करबाटै सरकारी खर्च धानौं । कम हुन्छ भने बरु सरकारी खर्च कटौती गरौं । सरकारले गत जेठ १५ गते आर्थिक वर्ष २०८०/८१ को बजेट संसद्मा पेस गऱ्यो। अर्थमन्त्री डा. प्रकाशशरण महतले ल्याएको बजेटमा करको दायरा हेरफेर गरिएको छ । उनले कुनै वस्तुमा कर बढाएका छन् त कुनैमा यथावत् नै छ । उनले विभिन्न शीर्षकमा कर बढाएपछि संसद्मा चर्को विरोध भइरहेको छ । अर्थ मन्त्रालयले व्यापारीहरूले तिर्नुपर्ने कर बढाएको छ । व्यापारीहरूलाई कर बढाएको भन्दै सांसदहरू सदनमा बुरुकबुरुक उफ्रिरहेका छन् ।

सरकारले कर नबढाउने हो भने सरकारी खर्च कसरी धान्ने ? सांसदहरूलाई तलबभत्ता र सेवा सुविधा कसरी दिने ? विदेशी ऋण कहाँबाट ल्याएर तिर्ने ? सरकारी खर्च धान्ने एउटा मात्र आयस्रोत कर हो । खर्च धान्नेजति कर नउठ्दा सरकारले विदेशीसँग ऋण लिएर सरकारी कर्मचारी पालिरहेको छ। सांसदहरूलाई तलब खुवाइरहेको छ। कर नै नबढाउन दिने हो देश त 'गोलखाडी'मा जान्छ । तर, सांसदहरू यति सामान्य कुरा पनि किन बुझ्दैनन्। व्यापारीहरूले वर्षौंदेखि कर तिरेका छैनन् । उनीहरूबाट कर उठाउनुपर्छ भनेर आवाज उठाउन सक्ने आँट त यिनीहरूमा छैन ।

कर उठाऊ भन्नुको साटो कर किन बढाएको ? भन्दै संसद्मा नौटंकीमात्रै देखाइरहेका छन् । हिजो चुनाव लड्ने बेला व्यापारीहरूसँग खाएको त अहिले निकाल्नुपऱ्यो नि, होइन र ? यता, सदनमा पनि सबै दलाली पुगेका छन्, अनि मुलुकले कसरी निकास पाउँछ ? कोही सेयर दलाली त कोही घरजग्गा । यिनीहरूकै दबाबमा आएर सरकारले सेयर र घरजग्गाको कर फिर्ता लिइहाल्यो । मुलुकको अर्थतन्त्र डामाडोल छ । बजारमा पूरै मन्दी छाएको छ । मुलुक आर्थिक संकटमा गएको बेलामासमेत यिनीहरूले तलबभत्ता छोडेका छन्। सरकारी गाडी चढि नै रहेका छन् । देशविदेश घुम्ने क्रम पनि जारी नै छ ।

अहिलेकै पारा हो भने २०८४ सालमा नेपालले तिर्नुपर्ने विदेशी ऋण ४४ खर्ब पुग्छ । अनि जनताले यिनीहरूलाई छोड्दैनन् । त्यसपछिको पहिलो पार्टी बन्दो रहेछ ? भन्ने त थाहा भइहाल्छ । यिनीहरूले जति मोजमस्ती गरे, त्यो सबै देश धितो राखेर गरेका हुन् । माथिल्लो तहदेखि तल्लो तहसम्मका सबै उस्तै छन् । राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरू, भूपू राष्ट्रपति, प्रधानमन्त्री, सरकारी कर्मचारीलगायत सबैले देशलाई दाउमा राखेका छन् ।

विदेशीबाट लिएको ऋण यिनीहरूको सेवासुविधालाई नै ठिक्क भएको छ । भोलि मुलुकमा विदेशी हस्तक्षेप भयो भने यिनीहरूलाई जनताले देश निकाला गर्छन्। राष्ट्रभन्दा ठूलो केही हो। धमाधम विदेशीसँग हात फैलाउनु अगाडि सोच्नुपर्दैन ? हाम्रोजस्तो अल्पविकसित मुलुकले ऋण लिएर कहाँबाट तिर्ने ? जनताहरूको अवस्था नदेख्ने अनि जे मन लाग्यो त्यही गर्ने ? राज्यशक्तिमा बस्नेहरूको मात्र त देश होइन होला नि ? नेपाल सबै नेपाली जनताको हो । तर, यिनीहरूलाई देश धितो राख्ने अधिकार कसले दियो ? विदेशीसँग लिएको ऋण कहाँ खर्च भयो ? जनतालाई थाहा छैन ।

*– रामेश्वर आचार्य, पाटन*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# देवदहमा प्राचीन संरचना भेटिए

**लुम्बिनी (प्रस)**– रूपन्देहीको देवदहमा गरिएको उत्खननबाट महत्त्वपूर्ण प्राचीन संरचनाका भग्नावशेष फेला परेका छन् । उत्खननका क्रममा उक्त क्षेत्रमा प्राचीन पर्खाल र प्राचीनतम इनारका संरचना फेला परेका छन् ।

लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डीराज भट्टराईका अनुसार कोषको पहलमा गत जेठ १७ गतेदेखि उक्त क्षेत्रको उत्खनन सुरु गरिएको हो । कोषको पहलमा कोषका पुरातत्त्व महाशाखा प्रमुख हिमाल उप्रेतीको नेतृत्वमा सात जनाको टोलीले एक महिना लगाएर उत्खनन गरेको हो ।

एक महिनाको उत्खननबाट महत्त्वपूर्ण उपलब्धि प्राप्त भएको र उत्खननलाई निरन्तरता दिनुपर्ने आवश्यकता रहेको उनको भनाइ छ । 'यस वर्ष वर्षा सुरु भएकाले उत्खनन कार्य स्थगित गरेका छौं,' भट्टराईले भने, 'अर्को वर्ष उत्खननलाई निरन्तरता दिन्छौं ।' यसअघि कोषले बैरीमाई, कन्यामाई र पुरातत्त्व विभागले भवानीपुरमा उत्खनन गरेको थियो ।

देवदह नगरपालिका-९ घोडाहास्थित खयरडाँडामा लामो समयदेखि दरबार क्षेत्रको भग्नावशेष रहेको भन्दै उत्खननका लागि स्थानीयवासीले आवाज उठाउँदै आएका थिए । उत्खननको नेतृत्व गरेका पुरातत्त्वविद् उप्रेतीले अहिलेको उत्खननबाट प्राचीन भवनको संरचना, इनार र पुराना माटोका भाँडाका टुक्रा, माटोको दियोजस्ता वस्तु फेला गरेको बताए ।

यसपटकको उत्खननबाट फेला परेका संरचना र वस्तुको प्रारम्भिक अध्ययनबाट ती संरचना र वस्तु तत्कालीन समयमा धार्मिक प्रयोजनका लागि बनाइएको पाइएको उनको भनाइ छ । 'भवनको संरचना तत्कालीन अवस्थामा प्रवचन दिनका लागि बनाइएका सभाहल जस्ता ठूलाठूला कोठा रहेका छन्,' उप्रेतीले भने, '४५ मिटर लम्वाइ र ३४ मिटर चौडाइमा भवन फैलिएको देखिन्छ । यसबाट तत्कालीन समयमा ठूलो भवन थियो भन्ने अनुमान लगाउन सकिन्छ ।' अहिलेको प्रारम्भिक उत्खनन र त्यसबाट प्राप्त संरचनाबाट अहिले नै कोलिय गणराज्यको दरबार क्षेत्र भनेर मान्न सकिने अवस्था नरहेको उनी बताउँछन् । कोलिय राज्यको संरचना पुष्टि हुन अहिले देखिएका इँटाभन्दा धेरै अगाडिका संरचना र वस्तु प्राप्त हुनुपर्ने उप्रेतीको भनाइ छ ।

'लुम्बिनी, कपिलवस्तुभन्दा पनि पुरानो क्षेत्र गोटिहवा इसापूर्व १३औं शताब्दीको त्यस समयका खैरा रङका चिल्ला माटाका भाँडा, कालो पालिस गरेका तत्कालीन अवस्थामा राजपरिवारले प्रयोग गर्ने माटाका भाँडा पाइए भनेमात्र हामी बुद्धको समयसम्म पुग्न सक्छौं,' उनले भने, 'यस्ता माटाका भाँडा तथा दियोका टुक्रा रातो र बालुवा चम्कने खालका बुद्धकालीन वस्तु अन्तत्र पाइएका छन् । यही समयको हो भनेर पुष्टि गर्न यसअघि फेला परेका इँटासँग तुलना गरेर केही कोइलासमेत संकलन गरेका छौं । तिनको अध्ययन गरेर मात्र थप प्रमाणित गर्न सकिन्छ ।'

यस पटकको उत्खनन र अध्ययनबाट अहिले फेला परेका वस्तु १४औं शताब्दीभन्दा पछिका नभएर त्यस अघिकै हुनसक्ने उप्रेतीले बताए । देवदह नगरपालिकाका प्रमुख ध्रुवप्रसाद खरेलले यसपटक अधुरो रहेको उत्खनन कार्यलाई आगामी वर्ष पनि लुम्बिनी विकास कोषसँगको सहकार्यमा निरन्तरता दिइने बताए । उनले उत्खनन गरिएको क्षेत्र तथा अन्य प्राचीन ऐतिहासिक क्षेत्रको संरक्षण र प्रवर्द्धनको जिम्मेवारी नगरपालिकाले लिने बताए ।

# सुत्केरीलाई १० हजार प्रोत्साहन रकम

**मनाङ (प्रस)**- हिमाली जिल्ला मनाङको नासो गाउँपालिकाले स्वास्थ्य संस्थामा नियमित जाँच गरी सुत्केरी भएमा १० हजार रूपैयाँ प्रोत्साहन रकम दिने निर्णय गरेको छ । स्वास्थ्य संस्थामा पुगेर नियमित स्वास्थ्य परीक्षण नगराई सुत्केरी हुने प्रचलनलाई निरुत्साहित गर्न गाउँपालिकाले यो नीति लिएको हो ।

पालिका अध्यक्ष धनबहादुर गुरुङले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुतका क्रममा सो विषय सार्वजनिक गरेका हुन् । 'स्वास्थ्य संस्थामा जाँच गराई शिशु जन्माउने सुत्केरीलाई १० हजार रूपैयाँ उपलब्ध गराइनेछ,' उनले भने ।

क्यान्सर, मिर्गौलामा समस्या र अन्य जटिल रोगको उपचार गरेर आराम गरिरहेका व्यक्तिलाई ३० हजार रूपैयाँ लिएर 'स्वास्थ्य भेट' कार्यक्रम सञ्चालन गर्ने नीति गाउँपालिकाले लिएको छ । आगामी आर्थिक वर्षमा उत्पादन र विकास निर्माणका क्षेत्रमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने नीति पालिकाको छ ।

पूर्ण अपांगता भएका र दलित घरपरिवारलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम लागू गरिएको नीति तथा कार्यक्रममा उल्लेख छ । नासोले अहिले बढ्दै गइरहेको जलवायु परिवर्तनको असरमा पनि चासो देखाएको छ । 'जलवायु परिवर्तन न्यूनीकरणका लागि हिमचितुवा तथा सांस्कृतिक परम्परा संरक्षण, वृक्षरोपण र जनचेतनामूलक कार्यक्रम गरिनेछ,' नीति तथा कार्यक्रममा उल्लेख छ ।

हिमाली जिल्लाका स्वास्थ्य संस्थामा अधिकांश औषधि पर्याप्त नहुने गुनासो बढिरहेकाले औषधि अभाव हुन नदिने नीति लिइएको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । यसबाहेक वर्षमा कम्तीमा एकपटक बृहत् स्वास्थ्य शिविर सञ्चालन गरिने पनि बताइएको छ । ज्येष्ठ नागरिकलाई निःशुल्क औषधि वितरण, पोषण कार्यक्रम सञ्चालन गर्नेलगायत कार्यक्रम पालिकाले निर्धारण गरेको छ ।

आगामी आर्थिक वर्ष सडक नपुगेका वडामा सडक विस्तार कार्यक्रमलाई प्राथमिकता दिइएको छ । लार्के पास पर्यटकीय पदमार्गको बृहत् गुरुयोजना निर्माण गरी पदमार्ग निर्माणलाई जोड दिइएको छ । अहिले अन्नपूर्ण चक्रीय पदमार्गको दूरी छोटिएका अवस्थामा यसलाई वैकल्पिक मार्गकारूपमा विकास गर्ने योजना पनि पालिकाले बनाएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Star Nuwakot Trading And Transport Co

पुर्व स्वीकृति मिति २०८०/03/१२ | LT. No. 288333 | चलानी नं. ६०२०३९०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 1900 | ६८,०२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Supervisior | 4 | 0 | 3000 | १,०७,४०० | | | | | | | |
| 3 | LABOUR | 5 | 0 | 1000 | ३५,८०० | | | | | | | |

कम्पनी : BASIC ELEMENTS SOLUTIONS

पुर्व स्वीकृति मिति २०८०/03/१२ | LT. No. 288277 | चलानी नं. ६०२०३९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३५,८०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Decoration Technician | 2 | 0 | 1100 | ३९,३८० | | | | | | | |
| 3 | LABOUR | 8 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 4 | PLASTER WORKER | 2 | 0 | 1100 | ३९,३८० | | | | | | | |

कम्पनी : Metal Arabia Engineering Workshop

पुर्व स्वीकृति मिति २०८०/03/१२ | LT. No. 288176 | चलानी नं. ६०२०३९०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BLACKSMITH | 2 | 0 | 1200 | ४२,९६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | WELDER | 7 | 0 | 1200 | ४२,९६० | | | | | | | |

कम्पनी : Modern Building & Contracting Co

पुर्व स्वीकृति मिति २०८०/03/१२ | LT. No. 288278 | चलानी नं. ६०२०३९०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 0 | 1 | 2500 | ८९,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कःनि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SAAD OVERSEAS PVT.LTD.

श्रम ईजाजत नं. 1587/079/80

Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ATLANTIC COMPANY FOR THE DELIVERY OF CONSUMER ORDERS COMPANY

पूर्व स्वीकृति मिति २०८०/03/११ | LT. No. 288636 | चलानी नं.६०२०३८९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fresh Light Delivery Driver | 17 | 0 | 150 | ६३,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २० गते (5thJuly. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Ujyalo Overseas Pvt. Ltd.

श्रम ईजाजत नं. १३३५/०७४/०७५

Kathmandu, Nepal Tel : +977-1-4110543, 9819090441

E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NINE OZ BEVERAGE CAFE

पूर्व स्वीकृति मिति २०७९/०२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/03/१२ | LT. No. 287200 | चलानी नं. ६०१७८८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 1200 | ४१,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले  सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.

श्रम ईजाजत नं. ११८२/०७३/७४

Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Shaali Trading Est

पूर्व स्वीकृति मितिः २०८०/03/१२ | LT. No. 288613 | चलानी नं. ६०२०३९३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 01 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.

श्रम ईजाजत नं. १२०८/०७३/०७४

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069

E-mail: overseas4employment@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH HYUNDAI GREEN FOOD CO.LTD

पूर्व स्वीकृति मिति : २०८०/03/१२ | LT. No. 288654 | चलानी नं. ६०२०३९२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOK | 1 | 0 | 1666.67 | ५७,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः नि:शुल्क

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd.

Govt. License 1463/074/075

Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787

Mbl N. 9843103248, 9841093498, 9840747493



## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Office Secretary- 2(F/M)
2. Documentation Officer -2(F/M)
3. Public Relation Office (PRO) -3(F/M)

(अनुभवीलाई प्राथमिकता दिइनेछ ।)

योग्यताः +2 passed ,म्यानपावर क्षेत्रमा ३ देखि ५ वर्ष अनुभवी

नोटः Photoshop सम्बन्धी ज्ञान भएको, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलबः आपसी समझदारीमा

Like International (Pvt) Ltd.

श्रम ईजाजत नं. १५८०/०७९/०८०

Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444

Email: nocnepal@nassers.org


## बेदकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**आ.व.२०८०/०८१ का लागि सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) संकलनको ठेक्का सम्बन्धि बोलपत्रको आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०३/१३**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम यस बेदकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विभिन्न कर, शुल्क, दस्तुर संकलन गर्ने कार्यका लागि आ.व.२०८०/०८१ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा देहायमा उल्लेखित शीर्षकमा आन्तरिक आय संकलनको ठेक्का बोल कबोल गर्न नियमानुसार दर्ता भएका फर्मलाई तोकिएको शर्तको अधिनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np माध्यम मार्फत पेश गर्न यो सूचना जारी गरिएको छ ।

**तपसिल**

| बोलपत्र/ठेक्का नं. | सडक सेवा शुल्क संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु.(मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| 01/2080/081 | सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) | रु.२५,५०,०००।- | रु.३,०००।- | कबोल अंकको ५ प्रतिशत |

**शर्तहरू**

१. बोलपत्र सम्बन्धि कागजातहरू रु.३,०००।- (पछि फिर्ता नहुने गरी) बोलपत्र दस्तुर एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको राजश्व खाता नं. 1852050028240002 मा रकम जम्मा गरेको सक्कल बैंक भौचर लिई सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत आवेदन दिन सकिनेछ ।

२. खरिद गरेको बोलपत्र मिति २०८०/०४/१२ गते दिनको १२:०० बजे सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरू कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरूका प्रतिनिधिहरूको रोहवरमा सोही दिनको अपरान्ह २:०० बजे खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएपनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन ।

३. धरौटी (जमानत) बापत आफुले कबोल गरेका अंकको ५ प्रतिशतका दरले हुने रकम बेदकोट नगरपालिका, नगर कार्यपालिकाको एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको धरौटी खाता नं. I5CA052423252403 मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको विडबण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४. बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

५. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै कर सम्बन्धित दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ ।

६. बोलपत्र कुनै कारण देखाई वा नदेखाई स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

७. बोलपत्र सम्बन्धमा अन्य कुराहरू बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## ओली भेट्न बालकोटमा श्वेता

अभिनेत्री श्वेता खड्का दम्पतीले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेटेका छन् । ओली निवास बालकोट पुगेर उनीहरूले ओली भेटेका हुन् । भेटमा खड्का दम्पती छोरी ब्रीआनाको साथ पुगेका थिए । सो क्रममा ब्रीआनालाई ओलीले आशीर्वाद दिनुका साथै काँधमा समेत लिएका छन् । ओलीसँगको भेटको तस्बिर उनले सामाजिक सञ्जाल मार्फत सार्वजनिक समेत गरेकी छन् । तस्बिरका साथ लेखेकी छन् ,काम ठुलो हुन् पर्दैन । जे गर्छौ प्रेम पूर्वक गर्दा । सदैव लक्ष्मीको बास हुन्छ । सम्माननीय पूर्व प्रधानमन्त्री केपी बुबा हजुरसँग पहिलो भेट ब्रीआना का । आशीर्वाद लिँदै ।' श्वेता केही समय पहिले नेपाली कांग्रेसका प्रवेश गरेकी थिइन् । अहिले ओलीलाई भेट्नु उनी एमाले प्रवेश गर्न लागेको हो कि भन्ने आशा गरिएको छ ।





# 'मिस्टर नेपाल २०२३' मा छानिए २० प्रतिस्पर्धी



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस्टर नेपाल २०२३' को अन्तिम स्पर्धाका लागि २० प्रतियोगी छानिएका छन् । देशभरबाट हजारौ सहभागीबाट पहिलो चरणका लागि ३०० प्रतियोगी छानिएका थिए । तीन सयबाट अन्तिम स्पर्धाका लागि उत्कृष्ट २० छानिएका हुन् । छानिएका प्रतियोगीतमा डाक्टर, इन्जिनियर, पाइलट, चार्टर एकाउन्टेन लगायत बिभिन्न प्रतिष्ठित पेशासँग आवद्ध रहेका छन् ।

प्रतियोगीतमा छानिएका २० प्रतियोगीमा निमेश कपाली (काठमाडौं), राजन ऐयर (महेन्द्रनगर), असिम लामिछाने (भक्तपुर), रोहित भाट (कन्चनपुर), रोहिम धौभडेल (भक्तपुर), समर्पण कार्की (बिराटनगर), लोकेश प्रधानाङ्ग (ललितपुर), रिकेश प्रसाई (झापा), विजय दुवाडी (चितवन), राजीव तिवारी (गोर्खा) अनुभव जोशी (ललितपुर), आयन राज चौधरी (सर्लाही), मिकाज कार्की (ललितपुर), डायमण्ड ढुंगाना (अछाम), रमननाथ गिरी (मोरङ), स्वप्निल अधिकारी (पोखरा), प्रेमकुमार यादव (जनकपुर), दीपेन्द्र शाही (पोखरा), क्रिशल श्रेष्ठ (काभ्रे), प्रविण पाठक (झापा) रहेका छन् । छनौट भएका सबै प्रतियोगी फाइनलस्पर्धाका लागि अब प्रशिक्षणमा जुट्ने आयोजक नेक्स्ट मोडल्स नेपालका अध्यक्ष रवि धमलाले जानकारी दिए ।

प्रशिक्षणमा स्वमिङ, फुटबल, रक क्लाइमिङ, समाजसेवा, सर्ट हाइकिङग, क्याटवाक, व्यक्तित्व विकास, पब्लिक स्पिकिङ लगायतका दर्जन बढी विषय समावेश छ ।

'मिस्टर नेपाल' नेपालमा आयोजना हुने पुरुषहरूको सहभागीता रहने सबैभन्दा प्रतिष्ठित प्रतियोगीता हो । यसको छनौट चरणको अडिसन बिराटनगर, जनकपुर, चितवन, बुटवल, पोखरा र काठमाडौंमा भएको थियो । यो पटक मिस्टर नेपाल 'न्युलुक मिस्टर नेपाल'को नामबाट आयोजना हुँदैछ । प्रयोजक न्युलुक ब्युटिफर लाइफले भएको कारण नामको अगाडि न्युलुक जोडिएको हो । १६ वर्षदेखि ३२ वर्ष ननाघेका युवाहरूको सहभागीता रहने प्रतियोगीतामा ५ फिट ८ इन्च माथि उचाई भएका नेपाली नागरिक रहनुपर्ने प्रावधान राखिएको थियो ।

प्रतियोगिताको शीर्ष विजेताले 'मिस्टर वर्ल्ड २०२३' वा 'मिस्टर ग्लोवल २०२३'मा नेपालको प्रतिनिधित्वको अलवा ५ लाख बराबरको पुरस्कार हात पार्नेछन् । प्रतियोगितामा नेपालको आन्तरिक पर्यटनको विकासका लागि समेत विभिन्न गतिविधि सञ्चालन हुने आयोजक नेक्स्ट मोडल्स नेपालकी प्रवन्ध निर्देशक यत्ना पाण्डेले जानकारी दिइन् ।

युवाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, क्षमता उजागर लगायत नेतृत्वदायी क्षमता विकास गर्ने उदेश्यले यो प्रतियोगिता २००१देखि नियमित आयोजना हुँदै आएको हो । प्रतियोगीताको कोरियोग्राफर प्रशान्त ताम्राकार रहेका छन् ।

# ३६ दिनमा सकियो निश्चलको 'दिमाग खराब'

■ प्रभाव संवाददाता

**काठमाडौं–** निश्चल बस्नेत निर्देशित फिल्म 'दिमाग खराब' को छायांकन पूरा भएको छ । छायांकन सुरु भएको ३६ दिनमा फिल्म सकिएको निर्माण युनिटले जनाएको छ ।

सोमबार काठमाडौंको पिंगलास्थानस्थित नेपाल फिल्म क्याम्पसमा फिल्मको अन्तिम दृश्य खिच्दै फिल्म इन्ड क्ल्याप गरिएको हो । ४० दिनको सेडुल बनाएर छायांकनमा निस्किएको फिल्म ४ दिन अगावै सकिएको हो । फिल्म काभ्रेको पाँचखाल र काठमाडौंका विभिन्न स्थानमा छायांकन भएको छ ।

जनता र शक्तिको कथामा बनेको फिल्मको आगामी कात्तिक २४ गते प्रदर्शन मिति तय भएको छ । फिल्म मार्फत निश्चल ६ वर्षपछि निर्देशनमा कम ब्याक गरेका हुन् । फिल्ममा स्वस्तिमा खड्का, खगेन्द्र लामिछाने, दयाहाङ राई, अर्पण थापा र विजय बरालको मुख्य भूमिका छ ।

स्वस्तिमाले पहिलो पटक श्रीमान् निश्चल बस्नेतको निर्देशनमा फिल्म गरेकी हुन् । उनीहरूले यसअघि आधा दर्जनभन्दा बढी म्युजिक भिडियो र फिल्म 'घामड शेरे' मा भने एकसाथ अभिनय गरेका थिए ।



ब्ल्याक हर्स पिक्चर्स र सिनेमा आर्टस्को ब्यानरमा निर्माण भएको फिल्ममा निमेष श्रेष्ठको सम्पादन, सुशन प्रजापतिको छायांकन, जयन के वाइवा र कालीप्रसाद बाँस्कोटाको संगीत छ । फिल्मको निर्मातामा रौनक विक्रम कँडेल र कार्यकारी निर्मातामा सुरज बम ठकुरी हुन् ।

# सलमान खानलाई फेरि गोल्डी बराडको धम्की


■ एजेन्सी

**मुम्बई–** बलिउड अभिनेता सलमान खानलाई कैयौं पटक ज्यानको धम्की आइसकेको छ ।

जसकारण उनले आफ्नो सुरक्षा व्यवस्था कडा पारेका छन्, हाल उनलाई मुम्बई प्रहरीले पनि सुरक्षा दिइरहेको छ ।

अब यी अभिनेतालाई ग्याङस्टार गोल्डी बराडले ज्यानको धम्की दिएका छन् । गोल्डीले एक अन्तरवार्तामा सलमानलाई मौका मिल्ना साथ मार्ने योजना बनाएको खुलासा गरेका छन् । उनले सलमानले काला हिरण मारेपछि आफूहरूसँग माफी नमागेकाले त्यसको बदला लिने उनले दाबी गरेका हुन् ।





'सलमानले काला हिरण मारेर विश्नोई समाजको बेइज्जत गरेका छन् । विश्नोई समाज काला हिरणलाई पुजा गर्दछ । उहाँलाई माफी माग्नु भन्दा पनि माफी माग्नुभएन । यसकारण जब हामी मौका पाउँछौं, उहाँलाई मारिदिन्छौं', गोल्डीले भनेका छन् । यसअघि पनि सलमान खानलाइ ज्यान मार्ने धम्की दिइएको थियो ।

उनले आफूहरूको खलिस्तान र आईएसआईसँग कुनै सम्बन्ध नरहेको दाबी गरेका छन् । सलमान सन् १९९८ मा फिल्म 'हम साथ साथ हे'को सुटिङ गर्ने सिलसिलामा जोधपुरमा थिए । त्यो बेला सलमान माथी कालो हिरण मारेको आरोप थियो । यसलाई लिएर अदालतमा मुद्दा पनि पर्‍यो । जसकारण उनी जेल पनि गए ।



साफ च्याम्पियनसिप

# अन्तिम खेलमा पाकिस्तानविरुद्ध नेपालको सान्त्वना जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतमा जारी १४ औं संस्करणको साफ च्याम्पियनसिप फुटबल अन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपालले जित निकालेको छ ।

बैंगलोरस्थित श्री कांतिराव स्टेडियममा मंगलबार भएको खेलमा नेपालले पाकिस्तानलाई १-० गोल अन्तरले हराएको हो । नेपालको जितमा आशिष चौधरीले निर्णायक गोल गरे ।

पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलको दोस्रो हाफमा नेपालले निर्णायक गोल गरेको थियो ।

खेलको ८० औं मिनेटमा आशिषले पेनाल्टी क्षेत्र बाहिरबाट लाकेन लिम्बुको पासमा उत्कृष्ट गोल गरे । दोस्रो हाफमा मैदान प्रवेश गरेका आशिषको यो नेपालका लागि डेब्यु गोल हो ।

आशिषको गोल बाहेक नेपालले अन्य थुप्रै गोलको अवसर खेर फालेको थियो । पाकिस्तानले पनि केहि अवसरलाई सदुपयोग गर्न सकेनन् ।

यस जितसँगै नेपालले प्रतियोगिताको सुखद अन्त्य गरेको छ । समूह 'ए' मा रहेको नेपालको पहिलो जित हो । तर, नेपाल यसअघि नै प्रतियोगिताबाट बाहिरिसकेको छ ।

नेपालले ३ खेलमा ३ अंक जोडेको छ । नेपाल तेस्रो स्थानमा रह्यो । पाकिस्तानले भने अंक विहीन रहदै प्रतियोगिताको अन्त्य गरेको छ । पाकिस्तान पुछारमा रह्यो ।

पहिलो खेलमा नेपाल कुवेतसँग र दोस्रो खेलमा भारतसँग पराजित भएको थियो । पाकिस्तान भने पहिलो खेलमा भारत र दोस्रो खेलमा कुवेतसँग पराजित भएको थियो ।

यस समूहबाट कुवेत र भारत सेमिफाइनलमा प्रवेश गरिसकेको छ । कुवेत ६ अंक जोडेर शीर्ष र ६ अंक जोडेको भारत दोस्रो स्थानमा रहेको छ । कुवेत र भारत आज राति भिड्ने छन् । दुई टोलीबीचको खेलपछि समूह विजेता र उपविजेताको टुंगो लाग्नेछ ।

## आशिष एमेच्योर चेसको च्याम्पियन

**धनगढी (प्रस)–** सुदुरपश्चिम बुद्धिचाल संघको आयोजनामा भएको मुख्यमन्त्री कप राष्ट्रिय एमेच्योर बुद्धिचाल प्रतियोगिताको उपाधि दोलखाका आशिष् फुयालले जितेका छन् । उनले अन्तिम चरणको खेलमा पूर्व नेपाल च्याम्पियन पुरुषोत्तम चौलागाईसँग बराबरी खेलेका थिए। नवौं चरणसम्म भएको खेलमा आषिशले अपराजित रहेर ६ खेलमा जित निकाले भने ३ खेलमा बराबरी खेल्दै साढे ७ अंक सहित पाँचौ राष्ट्रिय एमेच्योर विजेता भए । आशिषले उपाधि सहित ४० हजार नगद हात पारे ।

त्यसैगरी पछिल्लो भएका प्रतियोगिताहरूमा उत्कृष्ट प्रदर्शन गरिरहेका १४ बर्षिय काठमाडौका खेलाडी पुरुषोत्तम सिलवाल उप विजेता भए। ७ अंक जोडेका पुरुषोत्तम समान अंक नै लिएका पुर्व नेपाल च्याम्पियन नवीन तन्डुकारलाई ट्राईबेकरमा पछाडि पारिका थिए । उनले नवौं चरणको खेलमा ललितपुरका क्याण्डिडेट मास्टर हराउन सफल भए। नवीन तण्डकारले तेस्रो स्थान ओगटे । पुरुषोत्तमले नगद २५ हजार र नविनले रु १५ हजार नगद हात पारे ।

त्यसैगरी काठमाडौका शुसुरत दाहाल, कैलालीका रोशन थापा, कनचन्पुरका टेकेन्द्र राज पाठक , चौथो , पाचौं र छैटौं स्थानमा रहे भने बाँकेका तिर्थ बहादुर बिक, दोलखाका राजिव कार्की काठमाडौका पुरुषोत्तम चौलागाईं र महोत्तरीका लक्ष्मण कुमार सेठ सातौ देखि दशौं स्थानमा रहे । महिलातर्फ मोरङकि शान्ति धिमाल पहिलो भईन्। उनले नगद २० हजार पाइन् भने दोश्रो भएकि झापाकि पूजा सिंखडा दोस्रो स्थानमा रहेर १५ हजार र काठमाडौकी सिन्दिरा जोशीले १० हजार नगद पुरस्कार हात पारिन् ।

# सोलुखुम्बुमा प्रथम योङस्टार ब्याडमिन्टन हुने




■ प्रभाव संवाददाता

**सोलुखुम्बु–** योङ्ग स्टार क्लव सोलुखुम्बुले ब्याडमिन्टन प्रतियोगिता सञ्चालन गर्ने भएको छ । क्लबले प्रदेश खेलकुद विकास बोर्ड र नेपाल ब्याडमिन्टन संघको सहयोगमा यहि असार २० गतेदेखि प्रतियोगिता सञ्चालन गर्न लागेको आज मंगलबार पत्रकार सम्मेलन मार्फत जानकारी गराएको हो ।

योङ्ग स्टार कभर्ड हल सोलुखुम्बुमा पहिलो पटक आयोजना गर्न लागेको प्रतियोगितामा विभिन्न पाँच विधा समावेश गरिएको छ । जसमा खुल्ला पुरुष डबल, खुल्ला महिला डबल, सोलुखुम्बु जिल्ला स्तरीय पुरुष डबल, खुल्ला भेट्रान पुरुष डबल र १५ बर्ष मुनिको पुरुष सिंगल ब्याडमिन्टन प्रतियोगिता रहेको छ । ३ दिनसम्म चल्ने प्रतियोगिताको खुल्ला पुरुष डबल र खुल्ला महिला डबलमा प्रथम र द्वितीय हुनेलाई ३५ हजार र २० हजार नगद प्राप्त गर्नेछन् भने तृतीय हुने दुई टिमले १०/१० हजार नगद पुरस्कार प्रदान गरिनेछ ।

यस्तै सोलुखुम्बु जिल्ला स्तरीय पुरुष र खुल्ला भेट्रान पुरुष डबल ब्याडमिन्टनमा प्रथम र द्वितीय हुनेले २० हजार र १५ हजार नगद प्रदान गरिनेछ भने तृतीय हुने दुई टिमले ५/५ हजार नगद पुरस्कार प्रदान गरिनेछ । अण्डर फिप्टीन पुरुष सिंगल ब्याडमिन्टनका प्रथम र द्वितीयले १५ हजार र ७ हजार नगद प्राप्त गर्दा तृतीय हुने दुई जनाले ३,५००/३,५०० नगद पुरस्कार प्राप्त गर्नेछन् ।

सबै विधाका विजेता खेलाडीहरूलाई ट्रफी, मेडल र प्रमाण पत्र पनि प्रदान गरिनेछ । प्रतियोगिताको खुल्ला पुरुषतर्फ नेपाल ब्याडमिन्टन संघको र्याकिङ २० भित्र पर्ने खेलाडीहरू सहभागी हुन पाउने छैनन् भने सोलुखुम्बु जिल्ला स्तरीय खेलमा प्रदेश तथा राष्ट्रिय प्रतियोगितामा भाग लिई विजयी ९प्रथम, द्वितीय र तृतीय० भएका खेलाडीहरू सहभागी हुन पाउने छैनन् । सोलुखुम्बुमा हाल कार्यरत कर्मचारीहरू भने कार्यालयको सिफारिस र परिचय पत्रको आधारमा प्रतियोगितामा सहभागी हुन पाउनेछन् ।

प्रतियोगिताको उद्घाटन शत्रमा प्रदेश मन्त्री, सांसदका साथमा नेपाल ब्याडमिन्टन संघका पदाधिकारीहरूसमेत उपस्थित हुनेछन् । प्रतियोगिताको सबै पाँच विधामा गरि करिब २ सय खेलाडी सहभागी हुने अपेक्षा योङ्ग स्टार क्लवको छ ।

प्रतियोगितामा सहभागी सबै खेलाडीहरूलाई सहभागिताको प्रमाण पत्र र टिसर्ट प्रदान गरिनेछ । खेलमा सहभागी हुन चाहने खेलाडीहरूले योङ्ग स्टार क्लवको अफिसियल फेसबुक पेज र वेबसाइटवाट फाराम डाउनलोड गरि असार १९ गते मध्यान्न १२ बजे भित्र आयोजक समक्ष उपलब्ध गराउनु पर्नेछ । सहभागिताका लागि सिंगल तर्फ १ हजार र डबलतर्फ २ हजार रूपैयाँ दर्ता शुल्क तोकिएको छ । प्रतियोगितामा कुल १५ लाख रूपैयाँ खर्च हुने क्लवले अनुमान गरेको छ ।

# जापानले दक्षिण कोरियालाई व्यापारको 'सेतो सूची'मा राख्ने

**टोकियो–** जापानले आगामी जुलाईदेखि दक्षिण कोरियालाई विश्वसनीय व्यापार साझेदारको सूचीमा पुनःस्थापित गर्दै छ । सरकारले ऐतिहासिक जबरजस्ती श्रमको विवादमा सन् २०१९ मा सो सूचीबाट हटाउन गरेको पुरानो निर्णयलाई उल्टाउँदै मंगलबार यसबारे जानकारी दिएको छ ।

यस वर्षको सुरुमा सियोलले जापानलाई आफ्नो व्यापार 'सेतो सूची'मा पुनःस्थापना गर्ने यो कदमले छिमेकीबीचको सम्बन्धलाई थप न्यानो पार्ने प्रयासको पछिल्लो कदमका रूपमा लिएको छ ।

दक्षिण कोरियासँगको व्यापारले जुलाई २१ देखि फास्टट्र्याक स्वीकृति प्रक्रियाको उपयोग गर्न सक्ने टोकियोको व्यापार मन्त्रालयले जनाएको छ । सन् १९१० देखि १९४५ सम्म कोरियाली प्रायःद्वीपमा जापानले गरेको क्रूर कब्जाको तीतो सम्झनाका कारण दुई अमेरिकी सहयोगीबीचको सम्बन्ध लामो समयदेखि चिसिएको छ ।

सन् २०१८ मा दक्षिण कोरियाको सर्वोच्च अदालतले जापानी फर्मलाई जबरजस्ती श्रमका युद्धका पीडितलाई क्षतिपूर्ति दिन आदेश दिएको थियो । जसको कारण जस्तालाई त्यस्तै (टिट-फर-ट्र्याट) आर्थिक नीति लिएको थियो । तर, गत वर्ष दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओल सत्तामा आएदेखि उनले उत्तर कोरियाको उक्त धम्कीलाई मध्यनजर गर्दै जापानसँगको सम्बन्धलाई द्रुत गतिमा सुदृढ पार्ने काम गर्दै आएका छन् ।

मार्चमा युनले टोकियोबाट प्रत्यक्ष संलग्नताविना पीडितलाई क्षतिपूर्ति दिने योजनाको सुरु गरेका थिए जुन घरेलुरूपमा अलोकप्रिय थियो तर जापानसँगको सम्बन्ध सुधार गर्न भने यसले मद्दत गरेको थियो ।

त्यसबेलादेखि युन र जापानी प्रधानमन्त्री फुमियो किशिदाले अप्रिलमा युनसँग टोकियो र गत महिना किशिदाले सियोलको यात्रा गर्दै नियमित उच्चस्तरीय वार्ता पुनः सुरु गर्दै सम्बन्धलाई सुमधुर बनाउने दिशामा अगाडि बढेका छन् ।

जापानले पनि यस वर्ष दक्षिण कोरियाको लागि निर्धारित अर्धचालकको लागि आवश्यक सामग्री निर्यातमा लिएको नियन्त्राणत्मक नीति हटाएको छ । त्यसैगरी सियोलले पनि जापानविरुद्ध डब्ल्यूटिओमा गर्दै आएको गुनासो अन्त्य गरेको र सैन्य खुफिया-साझेदारी सम्झौतालाई सामान्य बनाउन अगाडि सरेको छ । *रासस/एएफपी*

# विश्व प्रतिस्पर्धात्मक वरीयतामा डेनमार्क प्रथम

**सिंगापुर–** सन् २०२३ को विश्व प्रतिस्पर्धात्मक वरीयतामा डेनमार्क प्रथम स्थानमा पुग्न सफल भएको छ । आयरल्याण्ड र स्वीट्जरल्याण्ड क्रमशः द्वितीय र तृतीय स्थानमा उभिएका छन् ।

विश्वका ६४ देशको प्रतिस्पर्धात्मक क्षमतालाई मूल्यांकन गर्न सर्वेक्षण, सांख्यिकीय अध्ययन र प्रवृत्तिहरूको संयोजनलाई प्रयोग गरी इन्टरनेसनल इन्स्टिच्युट फर म्यानेजमेन्ट डेभलपमेन्ट (आइएमडी)ले सार्वजनिक गरेको पछिल्ला वरीयतामा सिंगापुर एक स्थान तल झरेको छ ।

गत साता आइएमडीको वर्ल्ड कम्पिटिटिभनेस सेन्टर (डब्ल्युसिसी) ले आफ्नो वार्षिक प्रतिवेदनमा ६४ वटा अर्थतन्त्रमध्ये सिंगापुर चौथो स्थानमा रहेको जनाएको छ । सन् २०१९ र २०२० मा पहिलो स्थानमा रहेको गणतन्त्र सन् २०२१ मा पाँचौं स्थानमा रहेको थियो ।

डब्ल्युसिसीले दीर्घकालीन मूल्य सिर्जना हासिल गर्नका लागि आफ्नो दक्षतालाई कसरी व्यवस्थापन गर्दछ भन्ने आधारमा देशहरूको विश्लेषण र श्रेणीकरण गर्दछ । यसले कुल गार्हस्थ उत्पादन (जिडिपी) र उत्पादकत्वका अतिरिक्त यसले उद्यमहरूले राजनीतिक, सामाजिक र सांस्कृतिक कारकहरूसँग कसरी सामना गर्छन् भन्ने विषयलाई मूल्यांकन गरी सार्वजनिक गर्छ ।

शीर्ष १० मा नेदरल्याण्ड्स पाँचौं स्थानमा रहेको छ । ताइवान, हङकङ, स्वीडेन, अमेरिका र संयुक्त अरब इमिरेट्स (युएई) क्रमशः छैटौं, सातौं, आठौं, नवौं र दशौं स्थानमा रहेका छन् । सन् २०१९ देखि २०२१ सम्म लगातार ४३ औं स्थानमा रहेको भारत तीन स्थान तल झरेर ४० औं स्थानमा रहेको छ । आइएमडीको रिपोर्टको आधारअनुसार भारतले सरकारी दक्षतामा सुधार गरेको छ । *रासस/एएनआई*

# युक्रेनलाई सैन्य सहायताका लागि इयूद्वारा ३ अर्ब युरो विनियोजन

**ब्रसेल्स–** युरोपेली संघ काउन्सिलले इयू विदेशमन्त्रीले युक्रेनलाई हतियार आपूर्तिका लागि पैसा छुटचाएको उल्लेख गरेको रुसी समाचार एजेन्सी तासले जनाएको छ ।

लक्जेम्बर्गमा भएको बैठकपछि इयूका २७ सदस्य राष्ट्रका विदेशमन्त्रीले युरोपेली शान्ति सुविधामा ३.५ बिलियन युरोको बजेट बढाएर अनुमोदन गरेका छन् । साथै ब्रसेल्सले युक्रेनलाई हतियार आपूर्तिको लागि रकम विनियोजन गरेको छ ।

सोमबारको विज्ञप्तिमा भनिएको छ, 'काउन्सिलले आज युरोपेली शान्ति सुविधाको समग्र वित्तीय सीमा सन् २०२३ मार्च २० बाट लागू हुनेगरी अघिल्लो सम्झौताको आधारमा सो थप रकम वृद्धि गर्ने निर्णय गरेको छ ।'

'यो कार्य वित्तीय दिगोपन, सुरक्षित, शान्तिपूर्ण भविष्य सुनिश्चित गर्न, यसको विश्वव्यापी भौगोलिक दायरा, संकट, द्वन्द्वलाई रोक्न र त्यसका लागि शीघ्र प्रतिक्रिया गर्ने इयूको क्षमतालाई जोगाउनका लागि हो,' विज्ञप्तिमा भनिएको छ । *रासस/एएनआई*

# युगान्डालीले फ्रान्समा क्षतिपूर्तिको लागि मुद्दा हाल्ने

**पेरिस-** छब्बीस जना युगान्डालीले मंगलबार फ्रान्सेली तेल कम्पनी टोटल एनर्जीविरुद्ध पेरिसमा कानुनी कारबाही थालेका छन् ।

मेगा प्रोजेक्टमा मानवअधिकार उल्लंघनको आरोपमा मुद्दा हाल्न लागिएको हो । पाँच युगान्डाली र फ्रान्सेली सहायता समूह सामेल भएको सो विषयमा प्रभावित समुदायका मानिसले तेल कम्पनीले गरेको 'गम्भीर हानि'का तथा विशेषगरी भूमि र खाद्य अधिकारका लागि उनीहरूले 'क्षतिपूर्ति' माग गरेका छन् । *रासस/एएफपी*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Golden Pharos Glass SB

पूर्व स्वीकृति मिति २०८०/०१/०७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१२ LT. No.284878 चलानी नं. ६०१८१०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ROI Govt. License 539/061/062

**Richhood Overseas Inc. Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766, Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JADDARAH RECRUITING CO

पूर्व स्वीकृति मिति २०८०/०३/११ LT No :288559 चलानी नं. ६०२०३९००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOR | 75 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al-Farooque Overseas Pvt.Ltd. श्रम ईजाजत नं: १२६०/०७४/७५

**Alfarooque Overseas Pvt .Ltd.**

Basundhara, (Infront of police station), Kathamandu, Nepal
Phone No: 01-4961373 Mobile : 9843653970, 9816660911, 9841425478
E-mail.: farukkhan650@gmail.com, www.alfarooqueoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Newstar Protection SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/१२ LT. No. 288570 चलानी नं.६०२०३९२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 27 | 0 | 1500 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREATER VISION OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. २८२/०५८/०५९

Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, Fax: +977-1-4469772

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LA NERO LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०३/११ LT. No. 288632 चलानी नं.६०२०३८९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 2 | 150 | ६३,८४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 1 | 150 | ६३,८४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS RECRUITER NEPAL Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MACKINS TRADING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०३/१२ LT. No. 288602 चलानी नं. : ६०२०३९२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 25 | 0 | 1000 | ३५,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DESTINY HR GROUP (P) LTD** (Wide Range H.R. Pvt. Ltd) श्रम ईजाजत नं. १५५२/०७९/०८०

DHRG

Pinglasthan, Gaushala, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085
Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAXHIS SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/११ पून : विज्ञापन स्वीकृति मिति २०८०/०३/१२ LT. No. 281638 चलानी नं. ६०१९७११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 41 | 0 | 1500 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 404/060/061

**GURUNG MANAGEMENT OVERSEAS PVT. LTD.**

P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np

## युएई/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROYAL FALCON SECURITY LLC

पूर्व स्वीकृति मिति २०८०/०३/१२ LT. No.288700 चलानी नं.६०२०३९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 75 | 0 | 2000 | ७०,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QATAR INFRASTRUCTURE CO.

पूर्व स्वीकृति मिति २०७९/०३/०२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१२ LT. No.265198 चलानी नं.६०१७३९००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 1800 | ६४,४४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | LABOURER | 2 | 0 | 1000 | ३५,८०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: नि:शुल्क कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ARAFA HAIL COMPANY FOR PROVING MEALS

पूर्व स्वीकृति मिति २०८०/०३/१२ LT. No.288647 चलानी नं. ६०२०३९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1200 | ४१,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AL NOOR OVERSEAS श्रम ईजाजत नं. १०८८/०७३/०७४

**Al Noor Overseas Pvt. Ltd**

Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Youssef Bin Abdul Mohsen Bin Abdullah Al Tamimi Contracting Company Is A One Person Company

पूर्व स्वीकृति मिति २०८०/०३/११ LT. No. 288512 चलानी नं. ६०२०३९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 13 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL ALI AL AJMI CO

पूर्व स्वीकृति मिति २०८०/०३/११ LT. No. 288429 चलानी नं. ६०२०३९०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 20 | 0 | 1900 | ६६,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : International Association For Transporation Est.

पूर्व स्वीकृति मिति २०८०/०३/१२ LT No. 288646 चलानी नं. ६०२०३९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 05 | 0 | 1800 | ६२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २० गते (5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.** Gov.Lic.No.: 1101/073/074

Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899,
Mobile: 9851095260, 9851019507, 9802095260, 9813263946, 9841032112, and 9829582034
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ११०६०० | प्रति तोला - ११००५० | प्रति तोला - १३७५ |



**अंगुर टिप्दै** | तनहुँको घिरिङ गाउँपालिका-४ स्थित बारबिसेमा करिब ७० रोपनी क्षेत्रफलमा गरिएको व्यावसायिक अंगुर खेती फलेपछि टिप्दै । घिरिङ भाइन यार्ड एण्ड रिसर्च सेन्टरले सुरु गरेको पहिलो वर्ष १० हजार किलोग्राम अंगुर उत्पादन गर्ने लक्ष्य राखेको छ । स्वीट्जरल्याण्डबाट प्रतिबिरुवा ७०० रुपैयाँदेखि एक हजार रुपैयाँसम्म खरिद गरी लगाइएको सञ्चालक कुमार कार्की बताउँछन् । *तस्बिरः सानेबहादुर नेपाली/रासस*

# यथार्थको धरातलमा उभिएर बजेट आएको छ : अर्थमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट विनियोजन गर्दा मुलुकको वर्तमान आर्थिक अवस्थाको यथार्थ धरातलमा उभिएर आय तथा व्ययको अनुमान पेश गरिएको र सोहीअनुरूपका योजना तथा कार्यक्रम बजेटमा राखिएको बताएका छन् ।

विनियोजन विधेयक, २०८० अन्तर्गत अर्थमन्त्रालय शीर्षकको वार्षिक बजेटमाथि प्रतिनिधिसभामा उठेका प्रश्नको जवाफ दिनुहुँदै अर्थमन्त्री महतले विद्यमान कानूनी व्यवस्था तथा आर्थिक अनुशासनको पूर्णपालना र मुलुकको आर्थिक अवस्थाको यथार्थ धरातलमा उभिएर बजेट ल्याइएको बताएका हुन् ।

'समग्र अर्थतन्त्रलाई गति दिनका लागि अर्थ मन्त्रालयले भिजनका साथ यथार्थको धरातल उभिएर काम गरेको छ । भुइँ छोडेर कुनै पनि भिजन-मिसन पूरा गर्न सक्दैनौं भन्नेमा स्पष्ट छौं । यसकारण हाम्रा विगतका कमजोरी र अप्ठेरा पहिचान गरेर हटाउँदै अघि बढ्ने गरी बजेट आएको छ', अर्थमन्त्री महतले भने ।

बजेट कार्यान्वयनमार्फत अर्थतन्त्र सुधारका लागि अर्थमन्त्रालयले अन्य मन्त्रालय र निकायसँग समन्वय तथा सहजीकरणको भूमिका निभाइरहेको उहाँको भनाइ छ । बजेटरी प्रक्रियामा सुधार गर्ने, पूँजीगत खर्च बढाउनेलगायतका विषयमा महत्वपूर्ण प्रस्ताव आगामी आर्थिक वर्षको बजेटमा राखिएको पनि अर्थमन्त्री महतले संसदमा बताए । त्यस्तै, चालु खर्चमा मितव्ययिताको नीति सरकारले लिएको र साधारण खर्च धेरै घटाउन नसके पनि थप बढ्न नदिने कुरामा सरकार सचेत रहेको उनको भनाइ छ । डिजिटल अर्थतन्त्र र कागजरहित (पेपरलेस) सेवा प्रवाहका लागि आगामी आवको बजेटले महत्वपूर्ण पहल थालेको अर्थमन्त्री महतले जिकिर गरे । सूचना प्रविधि क्षेत्रको विकास लागि बजेटले महत्वका साथ कार्यक्रम ल्याएको उनको भनाइ छ । यस क्षेत्रमा लगानी बढाउन नीतिगत सुधार गरिएको र विदेशी लगानीको सीमा घटाएको उनले बताए ।

सूचना प्रविधि क्षेत्रको निर्यात बढाउन विदेशमा शाखा खोल्न सकिने व्यवस्था ल्याइएको, सूचना प्रविधिका क्षेत्रमा कर छुटका योजना ल्याइएको र डिजिटल इकोनोमीको सम्भावनालाई आगामी आवको बजेटले स्पष्ट ढङ्गले पहिचान गरेको अर्थमन्त्री महतले उल्लेख गरे ।

महत्वाकांक्षी राजस्व लक्ष्य र अपर्याप्त बजेटबारे दुवै थरी विषय संसद्मा आएको उनले उल्लेख गरे । 'एकातिर राजस्वको लक्ष्य महात्वाकांक्षी भएको कुरा आएको छ भने अर्कोतर्फ पर्याप्त बजेट विनियोजन भएन भन्ने विषय पनि आएका छन् । आगामी आवको आर्थिक ऐनमार्फत करका दायरा फराकिलो पार्न पहल थालिएको छ', उनले भने ।

त्यस्तै, सरकारको आय र व्ययको प्रवृत्तिमा समस्या रहेको उनले स्वीकारे । बजेट स्रोतको सबैभन्दा ठूलो हिस्सा सरकारी राजस्व रहेकामा कर प्रणाली सुधारका लागि काम गरिरहेको उनको भनाइ छ ।

मुद्दा मामिला र अदालती प्रक्रियामा गएर कर फर्छ्योट हुन नसकेका राजस्वसम्बन्धी मुद्दा फर्छ्योटको विषयलाई पनि सरकारले गम्भीरताका साथ लिएको जनाइएको छ । त्यस्ता मुद्दाको टुङ्गो लगाउन र राजस्व असुली बढाउन सरकारले पहल थालेको अर्थमन्त्री महतको भनाइ छ ।

वैदेशिक रोजगारीमा जाने कामदारको हकहित र स्वदेशमै रोजगारी सिर्जना गर्ने विषय प्राथमिकतामा रहेको सरकारको भनाइ छ । त्यस्तै, देशभित्र आम्दानीका स्रोत जुटाउनु नै सरकारको पहिलो प्राथमिकतामा रहे पनि यसमा तत्काल सुधार हुन नसक्ने भएकाले अनुशासित भएर वैदेशिक ऋण र अनुदानबाट खर्च व्यहोर्ने गरी बजेट स्रोत प्रस्ताव गरिएको उनको भनाइ छ ।

'अझै केही समय वैदेशिक सहायता हाम्रा लागि आवश्यक छ । विदेशी सहायता ल्याउने भनिरहँदा हामीले खर्च गर्ने शैलीमा सुधार गर्न आवश्यक छ । आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्न जरुरी छ', उनले भने, 'विदेशी सहायता लिनका लागि पनि स्पष्ट मापदण्ड, औचित्य र आवश्यकता हेरेर मात्रै लिएका छौं । सहयोगका शर्त हाम्रो अनुकूल छन् कि छैनन् भनेर हेरिएको छ । यसो हुनसके मात्रै उत्पादन र उत्पादकत्व बढ्नेमा हामी स्पष्ट छौं ।'

बजेट तर्जुमा प्रक्रियाको कार्यतालिका (बजेट क्यालेन्डर) बनाउने विषयलाई पनि उनले प्रतिनिधिसभाको आजको बैठकमा उल्लेख गरे । त्यस्तै, सरकारी कर्मचारी र सुरक्षा निकायको संख्या घटाउनका लागि भन्न सजिलो भए पनि गर्न गाह्रो रहेको पनि उनले बताए । खर्च कटौतीका लागि सरकारी निकाय र कर्मचारीको आकार घटाउने विषयमा व्यावहारिक पक्ष पनि हेरिनुपर्ने अर्थमन्त्री महतको भनाइ छ ।

विद्यमान नीति, नियम, कानूनभन्दा बाहिर गएर बजेटमा तलमाथि गर्न नसकिने पनि उनले स्पष्ट पारे । बजेटमाथि पर्याप्त छलफल हुनुपर्ने तथा विनियोजन कुशलता कायम गर्नुपर्नेलगायतका विषयमा आफ्नो विमति नरहेको पनि अर्थमन्त्री महतले उल्लेख गरे ।

# नेप्सेमा उच्च अंकको सुधार

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार उच्च अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ५६ दशमलव ९४ अंकले उकालो लागेर दुई हजार एक सय ८६ दशमलव ३६ पुगेको छ ।

ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १३ दशमलव ४० अंकले उकालो लागेर चार सय १२ दशमलव ५१ मा पुगेको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये तीन उपसमूहको सेयर मूल्य ओरालो लाग्दा १० उपसमूहको सेयर मूल्य बृद्धि भएको हो । कूल एक करोड ३१ लाख सात हजार ८० कित्ता सेयर रु पाँच अर्ब ४७ करोड ६२ लाख ८७ हजार सात सय ४० मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबारका आधारमा स्वावलम्बन लघुवित्त शीर्ष स्थानमा छ । सो कम्पनीको रु २५ करोड १२ लाख ३३ हजार छ सय ९४ बराबरको कारोबार भएको छ । यस्तै शिवम् सिमेन्टको रु २२ करोड ६३ लाख ४५ हजार दुई सय १८, सोल्टी होटलको रु २२ करोड ४२ लाख २९ हजार छ सय ३८,आइजीआई प्रुडेन्सियल इन्स्योरेन्सको रु १३ करोड १४ लाख २० हजार दुई सय ८७ र हिमालयन डिस्टिलरीको रु १२ करोड ४८ लाख ९७ हजार छ सय ६८ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार निर्धन उत्थान लघुवित्त, डिप्रोक्स लघुवित्त, हिमालयन लाइफ इन्स्योरेन्स, नेरुडे लघुवित्त, गरिमा विकास लघुवित्तलगायत कूल २८ कम्पनीको सेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

यस्तै सिक्लेस हाइड्रोपावर तीन दशमलब ८८, गरिमा बैंकको ऋणपत्र तीन दशमलब शुन्य आठ, राष्ट्रिय बिमा कम्पनी दुई दशमलब ४९,सेञ्चुरी बैंकको ऋणपत्र एक दशमलब ९१ र बलेफी हाइड्रोपावरका लगानीकर्ताले एक दशमलब ६९ प्रतिशतले कमाएका छन् ।

# नबिल बैंकलाई इन्फोसिस फिनाकल इनोभेसन अवार्ड

**काठमाडौं (प्रस)–** नबिल बैंक लिमिटेड इन्फोसिस फिनाकल इनोभेसन अवार्ड २०२३ बाट पुरस्कृत भएको छ । एन बैंकको सुरुवातको लागि नबिल बैंकले प्रोडक्ट इनोभेसन विधा अन्तर्गत इन्फोसिस फिनाकल




इनोभेसन अवार्ड २०२३ मा प्लेटिनम अवार्ड जितेको हो । १० विधामा २०० भन्दा बढी मनोनयन भएकोमा नबिल बैंक विजेताको रूपमा छनोटमा परेको थियो ।

बैंकले प्राप्त गरेको यो अवार्ड बैंकले लिएको डिजिटल बैंकिङ र नवीनतम सोचको उपज रहेको नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) ज्ञानेन्द्र प्रसाद ढुंगानाले बताए । यो अवार्डले अझै आफ्ना ग्राहक, कर्मचारी, लगानीकर्ता र बृहत् समुदायका लागि दिगो, सरल र उत्तम बैंकिङ सेवा ल्याउनेमा थप उर्जा दिएको उनले बताए ।

एनबैंक, बैंकमा ग्राहकको उपस्थिति विनानै डिजिटल बैंकिङ सेवा प्रदान गर्ने नेपालकै पहिलो मोबाइल बैंकिङ प्लेटफर्म हो । ग्राहकहरूलाई कुनै पनि शाखामा भौतिक फारम नभरी वा कुनै शाखामा नगई एन बैंकको सहयोगमा सेवा लिन सकिन्छ ।

यो अवार्डसँगै बैंकले नेपाली बैंकिङ क्षेत्रमा पुनः एक अगुवा साबित भएको बैंकको बुझाई छ । यस अवार्ड प्राप्तिले थप सृजनशील डिजिटल सेवा दिने संकल्पलाई उत्साहित गरेको बैंकले जनाएको छ ।

नबिल बैंक निजी क्षेत्रको अग्रणी बैंक हो । देशभरी २५५ शाखाहरू र २८३ एटिएमहरू सहित, बैंकले ग्राहकको सन्तुष्टि र सेवामा उत्कृष्टताप्रति प्रतिबद्धतालाई सुदृढ गर्दै आफ्ना ग्राहकहरूको विकासशील आवश्यकताहरू पूरा गर्न प्रयासरत छ। आफ्नो डिजिटल फुटप्रिन्टलाई थप विस्तार गर्न र डिजिटल बैंकिङतर्फ विश्वव्यापी परिवर्तनसँग पङ्क्तिबद्ध गर्न, नबिल बैंकले बैंक भित्र भर्चुअल शाखा एनबैंक स्थापना गरेको छ ।

# भैरहवाबाट हङकङ उडान गर्दै नेपाल एयरलाइन्स

■ प्रभाव संवाददाता

**भैरहवा–** राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले भैरहवाबाट हङकङमा सिधा उडान गर्ने भएको छ । काठमाडौंबाट हङकङ सिधा उडान गरिरहेको नेपाल एयरलाइन्सले भैरहवाबाट पनि उडान सञ्चालन गर्न लागेको हो ।

विश्व प्रसिद्ध लुम्बिनीलाई हवाई हङकङसँग जोडेर त्यहाँबाट बढीभन्दा बढी पर्यटक भित्र्याउने उद्देश्यले उडान विस्तार गर्न लागिएको निगमले जनाएको छ । निगमले भैरहवाबाट भारतको नयाँ दिल्लीमा पनि छिट्टै उडान सञ्चालनको योजना बनाएको छ ।

भैरहवाबाट हङकङ र नयाँदिल्लीमा उडान सञ्चालनको अन्तिम तयारी भइरहेको निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिए । 'भैरहवाबाट हङकङ उडानको तयारी गरेका छौं, एक/दुई दिनमै टुङ्गो लाग्छ । नयाँदिल्लीसहित अन्य मुलुकमा पनि उडान विस्तार गर्ने योजना छ', उनले भने ।

प्रवक्ता पौडेलका अनुसार अबको १५ दिनभित्र ती दुवै गन्तव्यमा उडान गर्नेगरी टिकट बुकिङ खुला गरिनेछ । दुबई, दोहालगायत गन्तव्यमा पनि भैरहवाबाट उडान सञ्चालन गर्ने योजना छ ।

निगमले हाल काठमाडौंबाट हङकङमा सातामा दुई उडान गर्दै आएको छ । त्यस्तै नयाँदिल्लीमा दैनिक दुई उडान भरिरहेको छ । दुवै गन्तव्यमा भैरहवाबाट कति उडान गर्ने भन्ने अहिले टुङ्गो लागिनसकेको प्रवक्ता पौडेलले बताए । निगमले गत जेठ २९ गतेदेखि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान सुरु गर्नाका साथै भैरहवा-मलेसिया र मलेसिया-भैरहवा-काठमाडौंमा उडान गरिरहेको हो ।

राष्ट्रियगौरवकोआयोजनाअन्तर्गत निर्माण भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान तदारुकताका साथ गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको समन्वयमा निगम व्यवस्थापनले विशेष पहल गरी उडान सुरु गर्ने निर्णय गरेको निगमले जनाएको छ ।

विसं २०७९ जेठ २ गतेदेखि व्यावसायिक रूपमा सञ्चालनमा आएको भैरहवा विमानस्थलमा कुवेतको जजिरा एयरले उडान गर्दै आएपछि पछिल्लो समय प्राविधिक कारण देखाउँदै उडान स्थगित गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले सोमबार प्रतिनिधिसभाको बैठकमा पर्यटन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथि उठेका प्रश्नको जवाफ दिँदै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रभावकारीरूपले सञ्चालनका लागि पहल भइरहेको जिकिर गरेका थिए । उनले गौतमबुद्ध विमानस्थलमा निगमले मलेसियाको क्वालालम्पुर-भैरहवा-काठमाडौं उडान सुरु गरिसकेको, जजिरा एयरले उडान गरिरहेकामा प्राविधिक कारण हालै उडान स्थगित गरेको जानकारी दिएका थिए ।

त्यस्तै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हालैमात्र चीनको सिचुवानले एयरलाइन्सले छेन्दुबाट पोखरा चार्टर्ड उडान गरेको र यसले आगामी दिनमा व्यावसायिक उडानको ढोका खुलेको पर्यटनमन्त्रीको भनाइ थियो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको करिब छ महिनापछि हालै सिचुवान एयरलाइन्सले चार्टर्ड उडान गरेको थियो । त्यसअघि पुस १७ गते विमानस्थल उद्घाटनका दिन हिमालय एयरलाइन्सले परीक्षण उडान गरेको थियो ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस, घोडा जस्ता पशुपन्छीहरू व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रणः** एक्सप्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्णबहादुर कार्की, **सम्पादकः** विष्णु तामाङ